# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि सामाजिक इकाईलाई बुझ्ने हो भने त्यसको अन्य सामाजिक इकाइहरु वा सम्पूर्ण सामाजिक संरचनालाई त्यसले पुऱ्याउने योगदानको आधारमा बुझ्नु पर्छ (अब्राहम, १९८२) । समाज परिवर्तन सँगै विवाह प्रतिको बुझाइमा परिवर्तन आएको छ । विवाह प्रथा विश्वव्यापि भएता पनि विवाहको प्रकार र पद्धति भने समय, परिवेश, समाज र संस्कति अनुसार फरक र विशष्ट हुने गर्दछ (मोर्गान, १९८८) । अर्को शब्दमा भन्ने हो भने विवाहका स्वरुप उत्पादन प्रकृया अनुसार फरक-फरक किसिमको पाइन्छ (ऐगेल्स, १९८६) । यसै गरि एउटै समुदायमा एउटै समयमा विभिन्न स्थान विशेषमा विभिन्न प्रकृतिका विवाहका स्वरुपहरु भेटिन्छन । त्यस्तै गरि तानसेनको जुनी गाउँमा पनि समयको परिवर्तन सँगै शिक्षाको कारण मानिसले प्रेम विवाह गर्न थाले (अहेरन, २००४) । विवाह पनि सामाजको एउटा इकाई हो । सामान्य रुपमा विवाह सामाजिक रुपमा स्वीकार गरिएको, सास्कृतिक रुपले परिभापा गरेको र सार्वजनिक रुपमा पहिचान भएको केटा र केटी बीचको सम्बन्धलाई बुझाउँछ । त्यसैले यसलाई समाजिक प्रकृयाको रुपमा बुझ्नु पर्दछ । यसले समाजमा व्यक्तिको पद र भूमिकालाई परिवर्तन गर्दछ । जस्तैः- विवाह गरे पछि एउटा केटी श्रीमती हुन्छे, बुहारी, माइजु, भाउजु आदि हुन्छे भने केटा श्रीमान, ज्वाई, भिनाजु आदि हुन्छ । विवाह अन्य इकाई जस्तैः- राजनीति, संस्कार, नातेदारी, आर्थिक आदि सँग प्रकार्यात्मक सम्बन्ध रहेको हुन्छ । यसले समाज निरन्तरताको लागि महत्वपूर्ण योगदान दिइरहेको हुन्छ ।

धिमाल जातिमा पनि समाजको परिवर्तन सँगै समाजलाई निरन्तरता दिन विवाह पद्धति स्थीर नभई परिवर्तनशील हुदै आएको देखिन्छ । यद्यपि यिनीहरुले आफ्नो सामाजिक मूल्य मान्यताहरुलाई निरन्तता पनि दिइरहेका छन । उदाहरणको लागि अन्तरजातिय विवाह गरेमा आफ्नो जातमा भित्राउने क्रममा समाजलाई मागे अनुसार मासु, चिउरा, रक्सी खुवाउनुपर्छ ।

बहुजातिय, बहुधार्मिक र बहुभाषिक मुलुक नेपालमा वसोवास गर्ने विभिन्न जातिहरु मध्ये धिमाल जाति पनि एक आदिवासी हो । धिमाल समाजमा हिन्दुकरण क्रमशः औलो अन्मूलन (२०१२-१४) पछि र भूमि सुधार कार्यक्रम हुन थालेपछि तराईका जग्गा जमिनहरु

पहाडबाट किनिन थालियो । गाउँ फर्क राष्ट्रिय अभयानबाट जताततै बाटाहरु खुले र अन्य जातिको वसोवास क्रम शुरु भयो । औलो उन्मूलनपछि यो अझै तीव्र बढ्यो र धिमाल गाउँ वस्तीहरुमा अन्य जात जातिका घरहरु बनिन थाले । यसरी एउटै समाजमा बसी सकेपछि सामाजिक, आर्थिक तथा राजनैतिक रुपले धिमालहरु अन्य हिन्दु जातिहरुसँगबाट अलग रहन सकेनन् (दाहाल २०५६) । समाजशास्त्रीहरुका भनाईमा दुई फरक जातजाति बीचको अन्तर सम्बन्धले गर्दा तल्लो तहमा रहेका जातजाति माथिल्लो समुदायको संस्कृति, सास्कृतिक रुपलाई ग्रहण गर्न पुग्दछ जसलाई संस्कुतिकरण भनिन्छ (क्चष्लष्खबक द्गण्घ) ।

यो अनुसन्धान बुधबारे गा. वि. स. वडा नं. ७ का धिमाल समुदायको विवाह पद्धतिको बारेमा अध्ययन गरिएको थियो । धिमाल समुदायको परम्परागत विवाह पद्धति र आधुनिक विवाह पद्धतिको बारेमा जानकारी हासिल गर्ने यसको उदेश्य रहेको छ । यसका अतिरिक्त धिमाल जातिका विभिन्न सामाजिक सास्कृतिक मूल्य-मान्यता तथा संस्थाहरुले धिमाल जातिलाई कसरी निरन्तरता र स्थायीत्व ९कतबतगक त्रगय० कायम राखिरहको छ भन्ने कुरालाई हेर्ने प्रयास गरिएको छ । यसैगरी सामाजिक इकाईहरु जस्तैः- विवाहको अन्य राजनैतिक संस्था तथा संस्कारहरुसँगको सम्बन्धलाई पनि हेर्ने प्रयास यस अनुसन्धानले गरेको छ ।

## १.२ अध्ययनको समस्या

नेपालका समाजशास्त्री र मानवशास्त्रीहरुका लागि धिमाल जाति एउटा नयाँ विषयवस्तु होइन । समाजशास्त्री तथा मानवशास्त्री डा. डिल्लीराम दाहाल (२०५६), डोर बहादुर विष्ट (२०५५), ऋषिकेशव राज रेग्मी (२०३५) लगायत अन्य समाजशास्त्रीहरुले धिमाल जातिको समग्र अध्ययन गरेको देखिन्छ । तर उनीहरुले धिमाल जातिका विभिन्न इकाइहरुलाई समग्रता रुपमा अध्ययन गरेको देखिन्छ तर यस अनुसन्धानमा धिमाल जातिको विवाहलाई केन्द्र विन्दु मान्दै सुक्ष्म ढंगबाट धिमाल जातिलाई बुझ्ने प्रयास गरिएको छ ।

नेपाल विविध जाति, धर्म, भाषा, संस्किृतिले सम्पन्न मुलुक हो । हरेक जातिको आ-आफ्नै संस्कार छन । ती संस्कारहरु नै जातिको पहिचान हो । धिमाल जातिको पनि आफ्नै किसिमको संस्कार र सामाजिक संस्थाहरु रहेका छन । त्यसभित्र विवाह पनि एक महत्वपूर्ण संस्था हो । गाउँफर्क राष्ट्रिय अभियानबाट जताततै बाटाहरु खुले र अन्य जातिको बसोबार क्रम शुरु भयो । औलो उन्मूलन पछि यो अझै तिव्र बढ्यो र धिमाल गाउँ वस्तीहरुमा अन्य

जात-जातिका घरहरु बनिन थाले । यसरी एउटै समाजमा बसी सकेपछि धिमालहरु अन्य हिन्दु जातिहरुबाट अलग रहन सकेनन र उनीहरुको धर्म, विवाह, संस्कार, रहनसहन खान पान एंव भेषभूषामा समेत हिन्दुकरण हुदै आएका छ (दाहाल २०५६) । त्यसैले यस अनुसन्धानमा हिन्दुकरण/संस्कृतिकरणको प्रभाव धिमाल जातिको विवाहमा कस्तो परेको छ त्यसलाई सुक्ष्म ढंगले हेर्ने प्रयास गरिएको थियो । उदाहरणको लागि परम्परागत रुपमा धिमाल समुदायमा कार्त्तिक लक्ष्मीपूजाको दिन पहिलो पल्ट छोरीलाई केटाको घर पठाउन साइत हेर्न पर्दैन भन्ने चलन थियो र  सोही दिन विवाह कर्म गर्ने गर्दथे । हिन्दु जातिको बसोबास बढ्न थालेपछि कार्त्तिकमा विवाह गर्ने चलन धिमाल जातिमा छ वा छैन यस्ता विषय वस्तुहरुलाई समाजशास्त्रीय दृष्टिकोणबाट हेर्नु आफैमा महत्वपूर्ण छ ।

प्रकार्यबादीका अनुसार समाज परिवर्तन हुनुभन्दा यथा स्थितिमा ९कतबतगक त्रगय० रहिरहेका हुन्छन (रिट्जर, २०००, नेपाली, १९६५) । हरेक समामाजिक, सास्कृतिक मूल्य-मान्यता तथा सस्थाहरुले पनि समाजलाई निरन्तरता दिनको लागि प्रकार्य गरिरहको हुन्छ । धिमाल जातिमा विभिन्न इकाईहरुले यस जातिको  निरन्तरताका लागि लागि प्रकार्य गरिरहेको हुन सक्छ । जस्तै विवाहले त्यस समाजमा कसरी कार्य र त्यसले उनीहरुको समाजलाई निरन्तरता दिएको छ ? विवाहमा विचलन आएमा त्यसलाई कसरी पुन सन्तुलन गर्दा रहेछन ? त्यस्ता विषय वस्तुलाई समाजशास्त्रिय दृष्टिकोणबाट  अध्ययन गर्न नितान्त आवश्यक छ । यिनै माथि उल्लेखित अनुसन्धानको समस्याहरुलाई विश्लेषण गर्दै निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) धिमाल जातिको विवाहमा के-कस्ता पद्धतिहरु छन ?

२) धिमाल जातिको विवाह गर्दा कस्तो विधि अपनाएको छ ।

३) अन्तरजातिय विवाह गरेमा धिमाल जातिमा कसरी लिइन्छ  र त्यस्तो गरेमा के गरिन्छ ?

४) विवाहको अन्य सामाजिक र सांस्कृतिक, राजनैतिक आदि पक्षहरुसँग के-कस्तो अन्तरसम्बन्ध रहेको छ ।

५) धिमाल जातिमा हिन्दुकरणको प्रभाव के-कस्तो परेको छ ?

## १.३ अध्ययनको उद्देश्य

“बुधबारे गा. वि.स. बडा नं. ७ को धिमाल जातिको विवाह पद्धतिको बारेमा” जानकारी हासिल गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ । यसका मुख्य उद्देश्य निम्न प्रकार छन :-

- धिमाल समुदायको विवाह पद्धतिको वारेमा जानकारी हासिल गर्ने ।
- विवाहको अन्य समाजिक तथा राजनैतिक संस्थाहरुसंगको प्रकार्यात्मक सम्बन्ध हेर्ने ।

## १.४ अध्ययनको महत्व

यो अनुसन्धानमा “बुधबारे गा. वि.स. बडा नं. ७ को धिमाल जातिको विवाह पद्धतिको बारेमा” प्रकार्यात्मक सैद्धान्तिक दृष्टिकोणबाट हेर्ने प्रयास गरिएको छ त्यसैले यो अनुसन्धान सेद्धान्तिक र अनुसन्धात्मक पद्धति दुवै दृष्टिकोणबाट आफैमा महत्वपूर्ण छ । आफ्नो जाति भित्र विवाह गर्दा कसरी धिमाल सामाजिक मूल्य मान्यताहरुले निरन्तरता पाएको छ । अन्तरजातिय विवाहले कसरी विचलन ल्याएको छ र यसलाई समायोजन कसरी गर्ने भन्ने कुरा भन्ने कुरालाई अध्ययन गरिएको छ । धिमाल समुदायको विवाह प्रकार र पद्धतिको बारेमा जानकारी हासिल गर्न विशेषत : विवाहको संस्कार र राजैतिक संस्था सँगको प्रकार्यात्मक सम्बन्ध हेर्ने कुरामा केन्दित रहेको छ । त्यसैले यस्तो विषय बस्तुमा प्रकार्यात्मक दृष्टिकोणबाट हेर्न अध्ययन गर्न खोज्नेका लागि यो एउटा महत्वपूर्ण श्रोत हुन सक्छ ।

## १.५ सैद्धान्तिक अवधारणत्मक स्वरुप

समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका विभिन्न दृष्टिकोणहरु मध्ये संरचनात्मक प्रकार्यवाद पनि एक हो । यस दृष्टिकोणले १९३०-४० को दशकमा निकै चर्चा पाएको थियो । यसले सामाजिक तथा सांस्कृतिक प्रणालीका विभिन्न इकाइहरु र इकाइहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । यस दृष्टिकोण अनुसार सांस्कृतिक तथा सामाजिक विकास विभिन्न इकाइहरुको प्रक्रियाबाट हुने गर्दछ । इकाइहरुको सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने कार्य गर्दछन् । यस सिद्धान्तको व्याख्या गर्ने विद्वानहरुमा इमाइल दुर्खिम, मेलिनोस्की, रेडक्लिफ ब्राउन, आदि छन् ।

यस अध्ययन धिमाल समुदायको विवाह पद्धतिको वारेमा जानकारी हासिल गर्ने, विवाहको अन्य समाजिक तथा राजनैतिक संस्थाहरुसंगको प्रकार्यात्मक सम्बन्ध हेर्ने प्रयास गरिएको छ । जसमा विवाहलाई केन्द्रविन्दु बनाएर धिमाल जातिको विवाह, राजनैतिक, धार्मिक, आर्थिक पक्षसंग कसरी जोडिएको छ त्यसलाई केलाउने प्रयास गरिएको छ ।

**चित्र १**

**धिमाल जातिको सामाजिक संरचना र विवाहको अन्य सामाजिक एकाइहरुसँगको कार्यात्मक सम्बन्ध**

## १.६ संगठनात्मक स्वरुप

अध्याय एकमा पृष्ठभूमि, अध्ययनको समस्या, अध्ययनको उदेश्य, अध्ययनको महत्व, सैद्धान्तिक अवधारणत्मक स्वरुप समावेश गरिएको छ । त्यसैगरी अध्याय दुईमा साहित्य समिक्षा अन्तर्गत प्रकार्यावाद एक सैद्धान्तिक विश्लेषण नेपालमा जनजाति सम्बन्धी अध्ययन, धिमालको उत्पत्ति र विवाह समावेश गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, समग्रता र नमुना छनौट, विधि र तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण र अध्ययनका सीमा समावेश गरिएको छ । अध्याय चारमा अध्ययनको क्षेत्र र धिमाल जातिको सामान्य परिचय, उमेरका आधारमा अध्ययन क्षेत्रका धिमाल जनसंख्या, विवाहको उमेरमा परिवर्तन, धिमाल समुहको परिवारको प्रथा र धिमाल जातिको शिक्षाको अवस्था समावेश गरिएको छ । अध्याय पाँचमा बुधबारे ७ नम्बरका धिमाल जातिको आर्थिक अवस्था, पेशा, पशुपालन, धिमाल जातिको जातिमा कामको वर्गीकरण, सामाजिक संस्कार र धर्म समावेश गरिएको

छ । अध्याय छ मा धिमाल जातिको दृष्टिकोणमा विवाह विवाहका प्रकार, केटी माग्ने र छान्ने नियम, विवाहको महत्व र आवश्यक रीतहरु समावेश गरिएको छ । अध्याय सात मा निष्कर्ष राखिएको छ ।

# अध्याय दुई

## साहित्य समिक्षा

### २.१ प्रर्कायवाद : एक सैद्धान्तिक विश्लेषण

समाज र संस्कृतिको अध्ययन गर्दा विभिन्न सिद्धान्तहरु मध्ये संरचनागत प्रकार्यात्मक दृष्ट्रिकोण पनि एक महत्वपूर्ण दृष्ट्रिकोण हो । जुन १९औं शताव्दीको अन्त्य र २०औं शताव्दीको शुरुवात बाटै  संरचनागत प्रकार्यात्मक दृष्ट्रिकोण अस्तित्वमा आएको थियो । यसले समाजलाई एउटा व्यवस्था मानी त्यस व्यवस्था भित्र रहेका जति पनि भागहरु छन तीनले सकारात्मक भूमिका निर्वाह गरेका हुन्छन र ती भागहरुबीच अन्यान्योश्रीत प्रकार्यात्मक सम्बन्ध रहेको हुन्छ भन्ने मान्यतालाई उजागर गर्दछ । यसले सामाजिक तथा सास्कृतिक प्रणालीका विभिन्न एकाइहरु र एकाईहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । प्रत्येक एकाइले प्रणालीको निरन्तरताको लागि एक आपसमा अन्तसम्बन्धित भइ प्रकार्य गर्दछ जब एकाइहरुले प्रकार्य गर्दैन त्यस अवस्थामा प्रणलीको अस्तित्व रहन सक्दैन त्यसैले कुनै पनि प्रणालीलाई निरन्तरता दिन तथा अस्तित्वमा रहनको लागि एकाइहरुले अनिवार्य रुपमा प्रकार्य गर्दछ भन्ने मान्यतालाई संरचनागत प्रकार्यात्मक दृष्टिकोणले स्पष्ट पर्दछ (रिट्जर, १९९२, अव्राहम, १९८२) । यस सिद्धान्तको व्याख्या गर्ने मुख्य प्रवर्तकहरुमा दुखिम, रेडक्लिफ ब्राउन, मेलिनोस्की, रोवट के मर्टन आदि रहेका छन ।

प्रकार्यवादी मानवशास्त्री मध्ये मेलिनोस्की (१९६१) का अनुसार समाजमा जे जति मुल्य मान्यता, संस्थाहरु जन्मिएका छन । ती सबै एक अर्कामा अन्तसम्बन्धित भइ प्रकार्यात्मक रुपमा व्यक्तिको जैविक तथा मनोवैज्ञानिक आवश्यकता पुरा गर्दछ । साथै समाज र संस्कृति विकास, सामाजिक आवश्यकता पुरा गर्न नभई व्यक्तिगत आवश्यकता पुरा गर्नाका लागि संस्कृतिको जन्म हुन्छ । त्यस्तै विवाहले पनि व्यक्तिका जैविक तथा मनोवैज्ञानिक आवश्यकता पुरा गर्दछ भनेका छन । जस्तैः- कुला प्रणाली न्युगिनिका

ट्रोब्रियन्ड दीपवासीको एउटा सांस्कृतिक र व्यापारिक गतिविधिको संजाल हो यो एक परम्परा मात्र नभएर सम्पत्तिको साटासाट प्रणाली हो यसले दीपवासीहरुको सांस्कृतिक गतिविधिको रुपमा रहेको कुला विनिमय प्रणालीले उनीहरुको विनिमयको आवश्यकता पुरा गर्दथ्यो ।

त्यसैगरि रेडक्लिफ ब्राउन (१९५२) का अनुसार एउटा प्रणालीको संरचनामा विभिन्न आन्तरिक तथा वाह्य इकाई एवं पक्ष हुन्छन् । यी एकाइका विचमा पारस्परिकता कायम भई यी सबै समाजको संरचना तयार गर्न एकीकृत दिशामा लम्कन्छन् । यदि इकाइहरुका बीचमा सम्बन्ध नरहने हो भने सिंगो संरचना जीवन्त रहन सक्दैन । त्यसैले विभिन्न इकाइहरुको संरचनाबिना प्रकार्य नहुने र प्रकार्यबिना संरचना नहुने कुरालाई स्पष्ट पारेका छन् । संरचना र एकाइ बीचमा सह अस्तित्व कायम रहन्छ । एक एकाइको परिवर्तनले सिंगो संरचनालाई असर गर्दछ भन्ने कुरा ब्राउनको संरचनात्मक प्रकार्यवादबाट स्पष्ट हुन्छ । उनले अन्डामेन आइसल्याण्डको अध्ययन गरी परम्परा, रीतिरिवाज, जन्म, चलन, संस्था एक अर्का बीचमा रहने अन्तर सम्बन्धलाई प्रष्ट्याएका छन् । विभिन्न इकाइहरुको प्रकार्यविना संरचना हुन नसक्ने र संरचना बिना पनि इकाइहरुको अस्तित्व नरहने कुरालाई उनले अगाडी सारेका छन् ।

दुर्खिम, (१९६४)का अनुसार सामाजिक घटनाको कार्यकरण सम्बन्ध पत्ता लगाउन र समाज र संस्कृतिको अध्ययन भनेको सामाजिक सास्कृतिक प्रकृयाको अध्ययन हो, सामाजिक, सास्कृतिक प्रकृया भनेको सिङ्गो समाज विकासको प्रकृया हो । उनले धर्मले समाजलाई बाधेर राखेको हुन्छ भनेका छन र धर्म भनेको एउटा यस्तो संयन्त्र हो जसले व्यक्तिहरु माथि नियन्त्रण वा प्रमुख मात्र नजमाएर उनीहरुका समान्य सक्षमता र दक्षताको कदर पनि गर्दछ । त्यस्तै समाजमा श्रमविभाजनले समाजलाई एकतामा बाँधेर राख्ने गर्दछ भनेका छन । जस्तैः- गार्मेन्ट फ्याक्ट्रिमा रहेका प्रत्येक कामदारहरुले आ-आफ्नै सिप अनुसारको काम गरी एउटा सिङ्गो तयारी पोसाक तयार गरेको हुन्छ । त्यसमा उनीहरु एकअर्कामा अन्तर सम्वन्धीत रहेको हुन्छन ।

रोवट के मटनका अनुसार समाजमा सधै सुकार्य मात्र हुदैन । अर्थात विभिन्न प्रकृतिका प्रकार्य समाजमा रहन्छन र रहेका छन र तिनको प्रकार्यात्मक स्वरुप पनि समाज र संस्कृति अनुसार फरक-फरक हुन्छन भन्ने धारण आर. के. मर्टनको छ । जस्तै प्रकट कार्य, लुप्त कार्य र अप्रकार्य आदि (अब्राहम १९८२) ।

धिमाल समुदायलाई समग्रता मान्ने हो भने विवाह त्यस समग्रताको एउटा महत्वपूर्ण इकाइ हो । विवाहलाई बुझ्नेहो भने धिमाल जातीका अन्य सामाजिक, सास्कृतिक, राजनैतिक क्षहरुसँगको सम्बन्धलाई केलाउनु पर्दछ त्यसले यस अनुसन्धानमा धिमाल जातीको विवाह र विवाहको अन्य पक्षहरुसँगको सम्बन्धलाई केलाउने प्रयास गरिएको छ ।

## २.२ नेपालमा जनजाति सम्बन्धी अध्ययन

नेपालको सन्दर्भमा सुरु सुरुमा यस्ता जातीय अध्ययनहरुले निकै स्थान पाएको थियो । जात-जातिको अध्ययनको सम्बन्धमा स्वदेशी समाजशास्त्री/मानवशास्त्रीको रुपमा डोर बहादुर विष्ट(२०५५)ले समाजशास्त्र/मानवशास्त्र विकास र विस्तारको दृष्टिले अग्र स्थानमा पर्दछन "सबै जातको फूलबारी" कृति मार्फत लेखक विष्टले हिमाली जनजाति देखि तराईका जनजाति सम्मका बारेमा विश्लेषण गरेका छन । त्यस्तै गोपाल सिंह नेपाली (१९६५)ले "द नेवार" पुस्तक मार्फत नेवारी समाजको गठनको प्रक्रिया र सिङ्गो सामाजिक ढाँचालाई एउटा व्यवस्था मानेर त्यस भित्रको सामाजिक कार्यव्यावहार, अन्तरसम्बन्ध र अन्तरक्रियालाई प्रकार्यात्मक दृष्टिकोणबाट विश्लेषण गरेका छन । नेपाली (१९६५)का अनुसार नेवारी समुदायमा रहेका विभिन्न चाड, पर्व, भोज, जात्राले प्रकट कार्यको रुपमा आफ्नो संस्कारलाई  निरन्तरता दिएका छन भने अप्रकट कार्यको रुपमा नेवारी समुदायलाई एकताको रुपमा बाधेको नेपालीको भनाइ छ । त्यस्तै जात अनुसार पेशाको विभाजनले पनि उनीहरुमा आपसमा एकता कायम गरेको छ । नेवारी परम्परा अनुसार लगाइने गर-गहना, पहिरन तथा अन्य खानाका परिकारहरुले नेवारी समुदायमा भौतिक संस्कृतिको प्रतिकात्मक अर्थ दिएको छ । प्यागोडा शैलीको कलाकारिताले नेवारी संस्कृतिलाई झल्काएको उल्लेख गर्दै नेवारी समुदायमा गरिने भजन-कितन, नाचगान, खेलकुद तथा पुजाआजाले नेवारी संस्कृतिलाई जिवन्त राखेको लेखकको भनाइ छ ।

नेवारी समुदायमा विवाह एउटा सामाजिक कार्य हो । वंशलाई निरन्तरता दिनुको साथै सामाजिक कार्यलाई पूर्णता दिन विवाह गरिन्छन । विवाहको टुङ्गो लागे पछि केटा पक्षबाट नेवारी मिठाई उसका नातेदारहरुलाई नाताको तह अनुसार लाखमरीको मात्रा बाँड्ने प्रचलन रहेको छ । यो प्रथाले सामाजिक सम्बन्ध गाढा र सामाजिक सम्बन्धको तहलाई संकेत गर्दछ । नेवार जातीमा केटीको विवाह उसको जिवनमा तीन पटक हुन्छ । पहिलो इही विवाह- वेल विवाह, दोस्रो वह्रा विवाह- सूर्य विवाह र तेस्रो विवाह- मानिससँग

गरिन्छ । उनीहरु आर्थिक सामाजिक कारणले प्राय क्रमिक विवाह गर्ने चलन छ (नेपाली, सन १९६५) ।

शेरी अर्टनर (१९७८) ले उत्तरी भेगमा वसोवास गर्ने शेर्पा जातिहरुको संस्कार एवं सांस्कृतिक मूल्य मान्यतालाई आधार मानेर त्यस जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, नैतिक एवं दैविक पक्षलाई झल्काएका छन् । यसमा शेर्पाहरुको संस्कृतिको न्यूग्ने संस्कारलाई विवाहसंग जोडेर व्याख्या गरिएको छ । संस्कारलाई "सांकेतिक व्याख्यात्मक" उपागमवाट हेरियता पनि धर्म र विवाह वीचको सम्वन्धलाई सुक्ष्म रुपमा केलाएको देखिन्छ । उनका अनुसार शेर्पा समुदाय वौद्ध धर्मावलम्वी भएको हुँदा लामा र आनीलाई सवै भन्दा माथिल्लो तहमा राखेका छन् । विवाह गर्नु भनेको शेर्पा समुदायमा भौतिक संसारमा अल्मलिनु हो । तर न्यूग्ने संस्कारमा विवाहित शेर्पा समुदायको मानिसहरुले चार दिनसम्म उपवास वस्छन् । उपवास वस्नु भनेको 'लामा' र 'आनी' वन्नु झैं हो ।

त्यस्तै अगस्टा मोलनार (१९८१) ले नेपालको पहाडी भाग धवलागिरीको दक्षिण र डोल्पा क्षेत्रमा अवस्थित खाम मगर समुदायको अध्ययन पर्यावरणीय दृष्ट्रिकोणबाट स्पष्ट पारेका छन । खाम मगरको आर्थिक रणनीति अरुको भन्दा फरक हुनुमा पर्यावरणले के-कस्तो प्रभाव पारेको छ त्यसलाई देखाउन खोजिएको छ ।

थोमस ई. फ्रिक (१९९३) ले नेपालको काठमाडौंबाट अत्तर पश्चिम भागमा अवस्थित तिमलिङ भन्ने स्थानका तामाङ जातिको अध्ययनलाई पर्यावरणीय दृष्टिकोणबाट प्रस्तुत गरेका छन । लेखकका अनुसार तिमलिङ हिमाली क्षेत्र रहेको र त्यहाँको भौगोलिक बनावट र हावापानी बसोबासको लागि सहज नभएको असमतल भू-भाग, वातावरणीय विविधता, कम उत्पादन जस्ता पक्षका कारण अर्थ व्यवस्था राम्रो नभएको त्यस्तो परिस्थितिमा समायोजन हुन उनीहरुले समय र परिस्थिति अनुसार विभिन्न राजनीतिको विकास गरेको छन । जस्तैः जनसंख्या उपलव्ध स्थानीय श्रोतका बीच तालमेल गर्न विना परिवारनियोजनका साधनः-जनसंख्या नियन्त्रण गर्न ढिलो विवाह तथा पैत्तिक सम्पत्तीको हस्तान्तरण ढिलो गर्ने परिपाटीको विकास गरे भन्दछन ।

स्टिभेन्स, स्टेन्ली एफ (१९९६) ले तिब्बतसँसगको सिमानामा जोडिएको खुम्बुवान क्षेत्रमा अवस्थित शेर्पा समुदायको सामाजिक, सास्कृतिक, आर्थिक र भौगोलिक अवस्था चर्चा गर्द तिनीहरुका जीवनशैलीमा आएको परिवर्तनलाई पर्यावरणीय दृष्ट्रिकोणबाट ब्याख्या गरिएको छ ।

## २.३ धिमालको उत्पत्ति

पूर्वी नेपालका धिमालका अनुसार विशेष गरी मेची अञ्चमा किरातीहरुको वेग्लै अस्तित्व छ । वंशावलीको प्रमाणको आधारमा नेपाल खाल्डोको सर्वप्रथम वासिन्दा किराती नै थिए भन्ने कुरा विभिन्न विद्धानहरुको पनि भनाई छ । यिनै किरातीहरुको समूहसँग आज पूर्वी नेपालमा बसोबास गरेका लिम्वु राईहरुको मेल छ भन्ने कुराको विभिन्न पक्षबाट तर्क आइरहेको छ त्यसै गरी यी किरातीसँग मेल भएका जनजातिका विकायहरुको आधारमा लिम्वु जस्तै धिमाल पनि हुन भन्न सकिन्छ (रेग्मी, २०३५) ।

"धिमाल जाति आफुलाई किराती भन्दछन । इसापूर्व १००० वर्ष भन्दा धेरै पहिले भारतीय क्षेत्रमा आएर वसेका किरातीहरुको एक शाखामा धिमालहरु पर्दछन । जनश्रुतिमा आधारीत वंशावलीमा धिमालहरु किरात इङवाका १० भाइ छोरा मध्ये कान्छो आङदावाका, जेठा छोरा धिकोम्पाका सन्तान हुन भनी भनिएको छ । "द धिमाल" भन्ने पुस्तकमा वहाँले धिमाल शब्दको उत्पत्ति हिमालबाट उब्जीएका र यिनीहरु लिम्बु र राइका रक्त सम्मिश्रणबाट नयाँ जातिको रुपमा शताब्दीमा देखी उब्जिएका यी धिमाल जातिहरु नेपालको उत्तर पूर्वबाट नेपाल भित्रिएका हुन भन्ने कुरा दर्शाउनु भएको छ (ज्ञवाली, २०३५, रेग्मी, १९९१) ।

धिमाल जाति र तिनको भाषामा 'कछाडी' र 'मेचे' भाषामा 'दि' को अर्थ 'पानी' र 'नदी' हुन्छ । 'दि' सँग संयुक्त भएर बनेको 'दिहोड' आदि शब्दावलीहरु आसाम तिर प्रचलित छन । 'दिमाल' हुदाँहुदै धिमाल हुन धेरै सम्भव छ । यसै गरी अर्को तर्क अनुसार 'धि' को अर्थ नदीको छेउमा 'मालो' को अर्थ वेपत्ता हुनेबाट धिमाल भयो कि भन्ने पनि छ भनेर भनेका छन । मेचे भाषामा 'दि' को अर्थ नदी हुन्छ । 'दि' सँग संयुक्त भएर बनेका विहाङ्ग र दिगारो शब्दहरु आसाम तिर प्रचलित छन । धिमालहरु खोला, नदीको आसमासमा बस्न रुचाउने भएकोले 'दि' बाट व्युत्पति भएर धिमाल हुन गयो (श्रेष्ठ, २०२८, दाहाल, २०५६) ।

नेपाली (२०३५)का अनुसार "धिमालको उत्पत्तिबारे धेरै लोकोक्तिहरु पाइन्छन । भनिन्छ दुई दाजु-भाई काशीबाट तीर्थ गरी फर्किदा दाजु अगाडी केराको बोट काट्दै अघि बढ्दै गएको थियो तर पछाडी रहेको भाइले बाटो विरायो । त्यसैले पहाडतिर लागेका दाजुका सन्तान लिम्वु भए र तलै रहेको भाइका सन्तान धिमाल ।"

यसरी हेर्दा धिमाल जातिको उत्पत्ति र नामाकरणको वारेमा सम्बन्धित क्षेत्रका समाजशास्त्री/मानवशास्त्री एक मत रहेको देखिदैन ।

## २.४ विवाह :

दाहाल (२०५६) का अनुसार धिमाल समाजमा विवाह कर्मलाई महत्वपूर्ण सामाजिक अंगको रुपमा लिइन्छ । विवाह स्त्री-पुरुषको मिलन, यौन सम्बन्ध कायम र सन्तानोत्पादक मात्र नभइ केटीका बाबुले नियमानुसार दश रीतनबुझे सम्म विवाह भएको मानिदैन । तसर्थ यो जातिको विवाहको काम कहिले काहि सन्तान भइसकेपछि अर्थात मान्छे मरिसकेपछि पनि गर्ने चलन छ । केटीका बाबुलाई दश रीत नबुझाई स्वास्नी मरेमा दश रीत बुझाएर मात्र मृत्यु कर्म गर्ने गरिन्छ । दश रीत नबुझाएसम्म जन्मेका सन्तान समेत हाड वंशमा जादैनन भन्ने विश्वास छ ।

गौतम र थापा मगर (१९९४) का अनुसार धिमाल जातिमा विवाह पाँच प्रकारका हुन्छन ।

१) मागी विवाह

२) चोरी विवाह

३) जवर्जस्ती विवाह

४) सुपारी विवाह

५) जारी विवाह

यी विवाहहरु धिमाल जातिमा प्रचलनमा छन ।

विष्ट (२०५५)का अनुसार विहे गर्दा उमेर पुगेका केटा र केटीको आपसी इच्छालाई मान्यता दिने चलन हुनाले बराबर आफुखुरी मिलेर एक ठाउँमा लुक्न गई बाबुआमालाई खबर गरी बाँकी विहेको प्रवन्ध मिलाउने चलन छ । बस्तु र भेटी आदि गरी रीत पुरा गरी बाबु आमाले कुरा मिलाएपछि केटा र केटी नपाई गाउँले इष्टभित्र जम्मा गरी गीत, नाच, भोज, रमिता गरी विहेको विधि विधान पुरा गरिन्छ । उनीहरुमा पनि दाजु मरेपछि विधवा भाउजूलाई देवरले सुम्पनुपर्ने चलन छ ।

ज्ञवाली (२०३५) का अनुसार जब छोरा १४-१५ वर्षमा लाग्दछ छोराको लागि बुहारी खोजिदिन धिमाल बाबु-आमा तम्सिन्छन । तर केटी खोज्न पहिला छोराले रुचि लिनैपर्छ । केटी खोज्न उसलाई आफ्ना हाडनाता सम्बन्धी बाहेक हरेक घरमा जान पुरा छुट

छ, यसमा सामाजिक मान्यता र आर्थिक स्तरलाई खास प्रोत्साहन दिइदैन । केटीको केटा छान्ने चलन पनि आफ्नै हुन्छ । उ प्रायः  दारी जुङ्गा नपलाएको तथा अग्लो केटालाई मनपराउछिन । केटोभन्दा केटी वैवाहिक सम्बन्धमा केही वयस्क नै हुन्छे ।

दाहाल (२०३६) का अनुसार धिमाल संस्कारमा विवाहले एउटा महत्वपूर्ण स्थान ओगटेको छ । कुनै धिमाल केटो वा केटी विवाहपछि मात्रै आफुलाई त्यस समाज भित्र रहेको वा बाँधिएको एक जिम्मेवार व्यक्तिको रुपमा स्वीकार गर्दछन । धिमालमा विवाह यौन सम्बन्ध तथा जन्मेका सम्पूर्ण बच्चाहरुसँग मात्र सिमित नरही जव सम्म राम्रोसँग दश रीत केटीको बाबुलाई बुझ्फाइदैन विवाह मानिदैन ।

यसरी हेर्दा धिमाल जातिमा पहिला सानै उमेरमा विवाह गर्ने प्रचलन थियो भने त्यसमा अहिले परिवर्तन आएको छ । धिमाल जातिमा केटी भन्दा केटा सानो उमेरको र केटीले केटा छान्न पूर्ण स्वतन्त्रता पहिले भन्दा अहिले निकै बढि रहेको देखिन्छ । धिमाल जाति विभिन्न अन्य जातिहरुसँग घुलमिल हुन थालेपछि भने अरु जातिले पनि धिमाल जातिको संस्कृति सिक्न थाले यसरी परसंस्कृतिकरणको प्रकृयाले गर्दा पनि धिमाल जातिको विवाह पद्धतिमा पहिला भन्दा अहिले निकै परिवर्तन हुदै आएको देखिन्छ ।

यद्यपि यी अनुसन्धानहरुमा धिमाल जातिको विवाहलाई केन्द्रविन्दुमा राख्ने धिमाल समाजलाई बुझ्ने गरेको देखिदैन । यसैगरी धिमाल समुदायमा विवाहको अन्य प्रश्नहरु विशेषगरी संस्कार र राजनैतिक संस्थाहरु बिच के कस्तो सम्बन्ध छ ति विषय वस्तुलाई केलाउने काम माथिको लेखहरुले गरेको देखिदैन । तिनै विषय वस्तुहरुलाई विस्तृत रुपमा यस लेखमा हेर्ने प्रयास गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धान विधि

### ३.१ अध्ययन क्षेत्रको छनौट

यस अनुसन्धान नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने झापा जिल्लाको बुधबारे गा. वि.स. वडा नं. ७ लाई अध्ययन क्षेत्रको रुपमा लिएको थियो । जहाँ धिमालहरुको बसोबास रहेको थियो । यस अध्ययन क्षेत्र छनौटका लागि प्रस्ताव गरिनुका निम्न कारणहरु छन ।

- यस ठाउँमा परम्परागत देखी नै धिमाल वस्ती भएको हुँदा विशेष गरी उनीहरुको विवाह पद्धतिका बारेमा बुझ्न यो ठाँउ उपयुक्त थियो । यसै गरी यस क्षेत्रमा धिमालहरु एकै ठाउँमा झुरुप्प बस्ती भएको हुदा, यिनीहरुको विवाह पद्धति छरिएर रहेको धिमाल वस्तीहरु भन्दा यथास्थिति हुने भएकोले पनि यो स्थान मेरो अध्ययनको उदेश्यहरु प्राप्ति गर्नका लागि उपर्युक्त देखियो ।
- धिमाल समाजमा हिन्दुकरण क्रमशः औलो उन्मुलन (१०१२-१४) पछि र भूमि सुधार कार्यक्रम हुन थालेपछि तराईका जग्गा जमिनहरु पहाडेबाट किनिन थालियो र अन्य जातको बसोबास क्रम हुनथालेपछि धिमालहरुले अन्य जात-जातिहरु बीच आदान-प्रदान सँगै विवाह पद्धतिमा पनि परिवर्तन आएको देखिन्छ । पहिला पहिला सानै उमेरमा आफ्नो जातमा मात्र विवाह गर्ने धिमालहरु अहिले ढिलो र अन्तरजातिय विवाह गर्दै आएको छ । आधुनिकरण सँगै धिमालहरु स्कुल गएर पढ्न थालेको साथै शहरीकरण र जनचेताको पनि विकास पनि उनीहरुमा आउन थाल्यो त्यसको प्रभाव पनि विवाहमा परेको हुन सक्छ । यसरी एउटा इकाइमा आएको परिवर्तनले अन्य इकाइमा जस्तै विवाहमा कसरी प्रभाव पाइन्छ भन्ने बुझ्न पनि यो स्थान उपर्यूक्त देखियो ।

### ३.२ अनुसन्धानको ढाँचा

यो अनुसन्धान वर्णनात्मक विधिको प्रयोग गरिएको थियो । वर्णनात्मक प्रकृतिको प्रयोग गरी प्राप्त सूचनाहरुको ब्याख्या र विश्लेषण गरिएको छ । यो अनुसन्धान प्रकार्यात्मक सैद्धान्तिक उपागमबाट गरिएको हुँदा प्राप्त तथ्याङ्कहरुलाई कार्यकरण९अबगकबा चभबितष्यलबि० सम्बन्धको आधारमा प्रस्तुत गरिएको छ ।

**३.३ समग्रता  र नमूना छनौट विधि**

यो अनुसन्धान वुधवारे गा. वि. स. को धिमाल जातिको विवाह पद्धतिको बारेमा गरिउको थियो । तसर्थ वुधबारे गा. वि. स. अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो । बुधबारे गा.वि.स. ८ र ७ वडामा धिमाल जातिको बसोबास अन्य वडाको भन्दा घना वस्ती थियो । त्यसैले बडा नं. ८ र ७ मध्ये ७ वडालाई अध्ययनका लागि नमुनाको रुपमा छनौट गरियो । त्यसमा ५४ घरधुरी रहेको थियो । ५४ वटा घरधुरी भएको हुँदा सबै घरधुरीको समग्रमा अध्ययन गरिएको थियो । चित्र २ मा धिमाल जातिको समग्रता र नमुना छनौट विधिलाई देखाइएको छ ।

**चित्र २**

**३.४ तथ्याङ्क संकलनका विधिहरु**

यस अध्ययनमा अनुसन्धानकर्ताले धिमाल जातिको विवाह पद्धतिका बारेमा अध्ययन गर्दा प्राथमिक विधिहरु प्रयोग गरिएको थियो । प्राथमिक विधिहरुमा अन्तरवार्ता विधि, घरधुरी सर्वेक्षण विधि, सामुहिक छलफल विधि, अबलोकन विधि थियो भने द्वितिय तथ्याङ्क विधिमा विभिन्न पत्र-पत्रिका, पुस्तक, जर्नल, गाउँ विकास समिति (गा.वि.स.), जिल्ला विकास समिति (जि.वि.स.) आदि प्रयोग गरि तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४.१ मुख्य उत्तरदातासँगको अन्तरवार्ता

यस अन्तवार्ता विधिमा अनुसन्धान कर्ता स्वयम धिमाल समुदायमा गएर सर्वप्रथम त्यस क्षेत्रको अहिले सम्मको सवैभन्दा बढि पढेका र उसको अध्ययन हाल शोधपत्र गर्दै गरेको साथै नजिकैको नि. मा. वि. शिक्षक पेशामा आबद्ध भएको व्यक्ति ज्ञान बहादुर धिमाललाई नजिकै चोकको चियापसलमा मेरो साथीको धिमाल बहिनी मार्फत उसलाई भेट्याएको थियो । पहिला चिनाजान गरे र आफु धिमाल जातिको विवाह पद्धतिको बारेमा अध्ययन गर्न आएको जानकारी गराएको थियो । त्यसपछि मैले धिमाल समुदायको विवाह सम्बन्धी जिज्ञासा राखे । जस्तै : धिमाल समुदायमा कसरी विवाह गर्दा रहेछन, विवाहको प्रकार, केटी कसरी र को मार्फत माग्ने, अन्तरजातीय विवाहलाई समाजमा कसरी हेर्दछन । त्यसैले सामाजिक सम्बन्ध कस्तो निर्माण गर्दछ आदि कुराहरु लगायत विवाहको अन्य सामाजिक, आर्थिक, सास्कृतिकसँगको सम्बन्धका बारेमा तथ्याङ्क लिएको थियो । वहाँ मार्फत अन्य उत्तरदाताहरुसँग भेतघाट भएको थियो । उक्त अध्ययनका क्रममा ४ जना महिला र ५ जना पुरुषहरु सँग अन्तरर्वाता लिएको थिए । उहाँहरुसंग विवाह, विवाह सम्बन्धी उहाँहरुको बुझाई, विवाहमा आएको परिवर्तन, विवाह पद्धती, विवाहका अन्य सामाजिक सास्कृितिक तथा राजनैतिक पक्षहरुसंगको सम्बन्धका बारेमा कुरा गरिएको थियो । अन्तर्वार्ता गर्दा अनुसन्धानकर्ताले अंसरचित विधिलाई प्रयोग गरिएको थियो । यसले गर्दा धिमाल जातिको विवाहबारे विस्तृत रुपमा बुझ्न सजिलो भएको थियो ।

### ३.४.२ घरधुरी सर्वेक्षण विधि

अध्ययन क्षेत्र सात नम्बरको घरधुरी सर्वेक्षणबाट धिमाल जातिहरुको घरहरु ५४ रहेको थियो । जसमा उमेर, लिङ्ग, वैवाहिक स्थिति, विवाह उमेर, पेशाको बारेमा तथ्याङ्क संकलन गरेको थियो । घरधुरी सर्वेक्षण गर्दा प्रायः घरमा बुढापाका र महिलाहरु भेटिएको थियो । वहाँहरु सँग सोधेर पारिवारिक विवरण संकलन गरिएको थियो । घरधुरी सर्वेक्षणको फारम काठमाडौंमा तयार गरी लगिएको थियो । सो फारममा उल्लेखित विषयबस्तुमा केन्द्रित भएर प्रश्न सोधिएको थियो ।

### ३.४.३ अवलोकन विधि

यस विधिबाट अनुसन्धान कर्ताले धिमालहरुको घरको बनावट, उनीहरुले लगाउने पोशाक, गर-गहना, उनीहरुले परिवारमा गर्ने काम, खाना पकाउने तरिका, एकले अर्कालाई गर्ने व्यवहार जस्तै : केटा-केटी, श्रीमान-श्रीमती, बुढा-पाकाहरुको बारेमा अवलोकन गरी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४.४ समुह छलफल विधि

यस विधिमा अनुसन्धानकर्ताले सम्मूर्ण जनसख्याबाट ७/७ जनाको ५ समूह बनाइ सामुहिक छलफलबाट तथ्याङ्क संकलन गरिएको थियो । यस समूहमा विशेष गरी विवाहीत महिलाहरु/पुरुषहरु, त्यस समुदायका बुढापाका आदिलाई समुह बनाइएको थियो । यो समुहबाट अनुसन्धानकर्ताले विवाह केन्द्रित भएर र त्यसमा आएको परिवर्तन, विवाहको अन्य पक्षहरु जस्तैः- संस्कार, राजनीति, आर्थिक पक्षहरुसंगको सम्बन्धको बारेमा तथ्याङ्क संकलन गरेको थियो । (जस्तैः- अन्तरजातिय विवाहलाई समाजले कसरी भित्राउछन) यो छलफल धिमाल वस्तीमा नै बसेर गरिएको थियो ।

### ३.४.५ अन्तरवार्ता

यस अन्तर्वाता विधिमा अनुसन्धनकर्ता स्वयम धिमाल समुदायमा गएर एक-एक जनालाई लिएको थियो । धिमाल समुदायमा कसरी विवाह गर्दा रहेछन, विवाहको प्रकार, विवाह सम्बन्धी बुझाई कस्तो रहेको छ , केटी कसरी माग्ने, केटी माग्दा को मार्फत कुरा चालाइन्छ, अन्तरजातीय विवाहलाई समाजले कसरी हेर्दछ , त्यस विवाहलाई धिमाल समाजले कसरी आफ्नो समाजमा भित्राउछन । त्यसले सामाजिक सम्बन्ध कस्तो निर्माण गरेको छ आदि कुराहरु लगाएत विवाहको अन्य सामाजिक, आर्थिक, सांस्कृतिक सम्बन्धका बारेमा तथ्याङ्क लिएको थियो ।

## ३.५ तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

अनुसन्धान गरी संकलन गरी ल्याएका तथ्याङ्कहरुलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । सामान्य तथ्याङ्क शास्त्रीय विधिबाट कुनै संख्यात्मक र कुनै प्रतिशतमा निकाली प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसै गरी गुणात्मक तथ्याङ्कहरुलाई विषय वस्तुहरुको

आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गरिएको तथ्याङ्कलाई लिपीबद्ध गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

धिमाल जातिको विवाहको अध्ययनको लागि आवश्यक श्रोत, साधन र समयको सीमिततालाई ध्यानमा राख्दै विवाहको अध्ययन गर्दा निम्न सीमाहरु रहेका छन ।

१) यो झापा जिल्ला वुधवारे गा.वि.स. वडा नं. ७ का धिमाल जातिहरुको विवाहको मात्र अध्ययन हो ।

२) यो अध्ययन समाजशास्त्र/मानवशास्त्र स्नाकोत्तर तहको लागि आंशिक कार्य परिपुर्ति गर्न तयार पारिएको छ ।

३) यो अध्ययन प्रकार्यात्मक सैद्धान्तिक दृष्टिकोणबाट हेरिएको छ । यो सिन्द्धान्तले समाजलाई बुझ्ने हो भने समग्रमा बुझ्नु पर्दछ र तिनको एकाईहरु बीच हुने अन्तरसम्बन्ध र अन्तरनिर्भता केलाउनु पर्छ भन्ने लाग्दछ । सोहि अनुसार यो अध्ययनमा धिमाल जातिको विवाह पद्धति सँग अन्य संस्थाहरु जस्तै नातेदारी, आर्थिक, सामाजिक सँगको अन्तरसम्बन्ध हेरिएको छ । तर अन्य दृष्टिकोणबाट हेर्दा अलग देखिन्थ्यो होला जसलाई केलाउने प्रयास गरिएको छ ।

४) यो अध्ययनले बुधबारे -७ का ५४ घरधुरी धिमाल जाति वाहेक अन्य क्षेत्रमा धिमाल जातिहरुको प्रतिनिधित्व नगर्न सक्छ ।

# अध्याय चार

यस अध्यायनलाई दुई भागमा विभाजित गरिएको छ । पहिलो भागमा अध्ययनको क्षेत्र र धिमाल जातिको सामान्य परिचय र र दोस्रो भागमा धिमाल जनसंख्या, विवाहको उमेरमा आएको परिवर्तन, धिमाल परिवारक संरचना, शैक्षिक प्रथा र शिक्षाको अवस्थाको बारेमा व्याख्या गरिएको छ ।

## ४.१ अध्ययनको क्षेत्र र धिमाल जातिको सामान्य परिचय

झापा जिल्ला नेपालको पूर्वाञ्चल विकासक्षेत्र अन्तरर्गत सुदुरपूर्वी तराइको एक विकसीत जिल्ला हो । क्षेत्रफल र जनसख्याको हिसावमा ४७औं र चौंथो स्थानमा पर्ने यो जिल्ला पूर्वमा  ८६.३९ देखि ८८.१२ देशान्तर सम्म र उत्तरमा  २६.२० देखि २६.५० अंक्षास सम्म फैलिएको छ । यो जिल्ला समुन्द्र सतहबाट ५८ मि. देखि ५०० मि. सम्मका उचाइमा अवस्थित छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाइमा अवस्थित छ । यस जिल्लाको पूर्व  पश्चिम लम्बाई ४६ कि. मि. र उत्तर दक्षिण सरदर २९ कि. मि. रहेको र जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मि. रहेको छ । यहाँ साल, सिसौ, कदम, सीमल जामुन जस्ता वनस्पति पाइने सदावहार जंगल पाइन्छ । यो जिल्लाको मुख्यवाली धान, मकै थियो  ( जि.वि.स., २०५८) ।

नेपालको मेची अञ्चल भित्रका चार जिल्लाहरु मध्ये झापा जिल्ला पनि एक हो । चार जिल्लाहरु मध्ये सबैभन्दा बढी जनघनत्व भएको जिल्ला पनि यहि हो । तथ्याङ्क विभाग, (२०५८) सरकारबाट पुनर्वास सुविधा औलो उन्मुलन (वि.स. २०१२-१४) पछि र भूमिसुधार

कार्यक्रम हुन थालेपछि तराईका जग्गा जमिनहरु पहाडबाट आएका मानिसहरुले किनेर बसोबास गर्न थाले । यसैले गर्दा यो जिल्लामा विभिन्न जातजातिका मानिसहरुको बसोबास भएको थियो । यस जिल्लामा विभिन्न सुविधाहरु जस्तै : अस्पताल, खानेपानी, यातायात, समथल जमिन, विद्यालय बाटोघाटो, वाली-नाली आदि जस्ता सुविधाले अन्य छिमेकी पहाडी जिल्लाहरुको तुलनामा अन्य जिल्लाहरुबाट बसाइ सरी आउने गरेको कुरा बसाई सरी आएका मानिसहरुले बताए । यसरी बसाइ-सराई सँगसगै झापा जिल्लामा पहाडी मूलका जात जाति र नयाँ जातिको अगमन सँग-सँगै स्थानीय जातिहरुको विशेषत आर्थिक पक्षमा परिवर्तन आएको पाइयो । यसैगरी यिनीहरुको विवाहमा पनि परिवर्तन आएको पाइयो उदाहरणको लागि धिमाल जातिमा दाईजो दिने प्रचलन थिएन भने अहिले धिमालहरु दाइजो दिन थालेका छन । हिन्दु विवाहको प्रचलन धिमाल जातिको विवाहमा पनि देखिन थालेको छ । धिमालको विवाह गर्न पहिला केटा १४, १५ वर्षको उमेर र केटी २०, २२ उमेर गरिन्थ्यो भने अहिले त्यसमा परिवर्तन आएको छ । जसको बारेमा विस्तृत विश्लेषण पछाडीको अध्यायमा गरिएको छ ।

झापा जिल्लामा ४७ गा.वि.स. र ३ नगरपालिका छन । झापा जिल्लामा बुधबारे, धाइजन, नक्कलबन्दा, शनिश्चरे, दुहागडी, अनारमुनी, गौरादह, गोविन्दपुर र दमक मा धिमालहरु बसोबास गर्दै आएको थियो । झापा जिल्लाको जम्मा जनसंख्या २०५८ सालको जनगणना अनुसार ६३३०४२ रहेको थियो । जसमा धिमालहरुको जम्मा जनसंख्या ९५२९ थियो । जुन झापा जिल्लाको सम्पूर्ण जनसंख्याको ०.०१५% रहेको थियो । यसले के स्पष्ट पार्दछ भने अन्य क्षेत्रबाट आएका मानिस संगसगै यहाँ आदिबासी जातजातिहरु अल्पसंख्यकमा पर्दै आएका छन ।

यो अनुसन्धान झापा जिल्लाको बुधबारे गा. वि. स. वडा नं. ७ मा बसोबास गर्ने धिमाल जातिको विवाहमा केन्द्रित रहेको थियो । यस गा. वि. स. मा विभिन्न जान-जातिहरुको बसोबास रहेको थियो । यहाँ बसोबास गर्ने जातिहरुमा ब्राम्हण, क्षेत्री, राई, लिम्वु, धिमाल, मगर, नेवार, दमाई, मेचे, कामी आदि रहेको थियो । धिमाल जातिहरुको बसोबास बुधबारे गा.वि.स. को विभिन्न क्षेत्रमा भएता पनि बुधबारे ७ मा ५४ घरधुरी रहेको थियो ।

बुधबारे गा.वि.स. को मुख्य वालीहरुमा धान, मकै, गहु, आँप, सुपारी, लिची, चिया, केरा, उखु, नरिवल आदि रहेको थियो । झापा जिल्ला अन्य जिल्लाहरुको तुलनामा

विकसित जिल्ला भएको कारण यहाँका मानिसहरुले यातायात तथा भौतिक सुविधाहरु प्रयोग गर्दै आएको थियो । यहाँ उब्जाशिल माटो र सिचाइको राम्रो सुविधा भएको कारण प्राय मानिसहरु कृषि कार्यमा निर्भर रहेको पाइयो । साथै केही मानिसहरु समयको परिवर्तन सँगै व्यापार व्यवसाय, पढेको मानिस जागिरमा संलग्न भएको, कोही विदेश पैसा कमाउन गएको पाइयो । यहाँ स्कूल, कलेज, अस्पताल, टेलिफोन, खानेपानी, यातायातमा राम्रो सुविधा रहेको पाइयो । समयको परिवर्तन सँगै मानिसहरु क्रमिक रुपमा परम्परागत पेशा (खेतिपाती) लाई छोडी नयाँ पेशाहरु व्यापार व्यावसाय, रोजगारी, ज्यालादारी आदि तर्फ लाग्न थालेको थियो ।

यो भौगोलिक दृष्टिकोणबाट हेर्दा विर्तामोडबाट पूर्व-उत्तर ७ किलोमिटर रहेको थियो । धिमालहरुको बसोबास, आजभन्दा यतिनै वर्ष भन्दा पहिले भएको भनेर बताउन सकेनन् । धिमाल बुढाबुढीहरुका अनुसार पहिला पहिला यहाँ धिमाल वस्ती ठूलो थियो । यहाँ अहिले ५४ घर वस्ती रहेको थियो । अन्य जातको आगमन सँगै आर्थिक उपार्जनको कारणले गर्दा यहाँका धिमालहरु अन्य ठाउँमा वासाई सरेर जाने क्रम सँगसगै यिनीहरुको वस्ती पनि सानो हुँदै गएको धिमाल बुढापाकाहरुले बताएका थिए ।

अध्ययनका समयमा यस क्षेत्रमा धिमाल लगायत अन्य जातिहरुको पनि बसोबास रहेको थियो । अन्य जातिहरुमा ब्राम्हण, क्षेत्री, राई, लिम्बु, मेचे आदि जातका मानिसहरुको बसोबास रहेको थियो । तर धिमालहरुको घर ५/५ घरको झुरुप्प रहेको र घरको आगन एक अर्कामा जोडिएर रहेको अनुसन्धानको क्रममा देखिएको थियो । थोरै खेतीपातिमा लागेका, प्राय : रिक्सा चलाउने  र काठको ज्यालादारी काम गर्ने र एक दुई जना विदेश पैसा कमाउन रोजगारीका लागि गएका लगाएत अन्य आर्थिक उपार्जन हुने काम गरी आफ्नो जिविका चलाएको थियो ।

धिमालहरु आफ्नो जाति भित्र बोल्दा आफ्नो भाषा बोल्ने गरेको थियो भने अन्य जातिसँग बोल्दा नेपाली भाषा पनि बोल्ने गर्दा रहेछन । यहाँका धिमालहरु साना देखी ठूला सम्मका नेपाली बोल्ने गरेको पाइयो । यसले के स्पष्ट गर्दछ भने, सरकारले नेपाली भाषालाई राष्ट्रिय भाषाको रुपमा स्वीकार गरेकोले धिमाल जातिमा पनि त्यसको प्रभाव परेको देखियो । जसको परिणाम स्वरुप तिनीहरुमा नेपालीकरण प्रक्रिया बढ्दै गएको थियो । अनुसन्धानकर्ताले पनि उनीहरुसँग कुराकानी गर्दा नेपाली भाषा नै प्रयोग गरेको थियो ।

**४.२ उमेर र लिङ्गका आधारमा बुधबारे  ७ नम्बरका धिमाल जनसंख्या**

अध्ययन क्षेत्रका धिमालहरुको जम्मा जनसंख्या २६९ रहेको थियो । त्यसमा महिलाको संख्या ११९ र पुरुषको संख्या १५० रहेको थियो । त्यसलाई उमेरको आधारमा तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**

**उमेरका आधारमा बुधबारे ७ नम्बरका धिमाल जनसंख्या**

| उमेर | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ०-४ | ७ | ५.८८ | ७ | ४.६६ |
| ५-९ | १२ | १०.०८ | १५ | १० |
| १०-१४ | १५ | १२.०५ | १३ | ८.६६ |
| १५-१९ | १३ | १०.९२ | २० | १३.३३ |
| २०-२४ | १२ | १०.०८ | १७ | ११.३३ |
| २५-२९ | १२ | १०.०८ | १४ | ९.३३ |
| ३०-३४ | १४ | ११.७६ | १३ | ८.६६ |
| ३५-३९ | १० | ८.४० | ९ | ६ |
| ४०-४४ | ८ | ६.७२ | ९ | ६ |
| ४५-४९ | ५ | ४.२० | १० | ६.६६ |
| ५०-५४ | ४ | ३.३६ | ५ | ३.३३ |
| ५५-५९ | २ | १.६८ | १४ | ९.३३ |
| ६०-६४ | २ | १.६८ | १ | ०.६६ |
| ६५-६९ | २ | १.६८ | २ | १.३३ |
| ७० भन्दा माथि | १ | ०.८४ | १ | ०.६६ |
| जम्मा | ११९ | १०० | १५० | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, २०६८*

तालिका १ अनुसार धिमाल समुदायमा ०-३४ उमेर समुह बीच महिला संख्या ६०.७७ प्रतिशत रहेको थियो भने जुन १०० प्रतिशतमा ३९.४४ प्रतिशत ३४ वर्ष माथि उमेर समुह बीच रहेको थियो । यसो हुनको कारण सानै उमेरमा बालबच्चाहरु विवाह गर्ने भएकाले, अशिक्षाको कारण सानै उमेरमा विवाह गर्ने चलन भएको त्यस्तै त्यस उमेर

समुहमा महिलाको प्रजनन क्षमता अन्य उमेर समुह भन्दा बढी भएको धिमालहरु बताउछन । त्यस्तै पुरुष तर्फ हेर्ने हो भने ०-३४ उमेर समुह बीच पुरुष संख्या ६५.३७ प्रतिशत रहेको पाइयो जुन १०० प्रतिशतमा ३४.०३ प्रतिशत ३४ वर्ष माथि उमेर समुह बीच रहेको थियो । यसरी हेर्दा महिला भन्दा पुरुषको संख्या ५.३१ प्रतिशत बढी पाइयो । यसको कारणहरु एक जना धिमाल महिलाको अनुसार "छोरा नभए बुढेसकालमा कसले पाल्छ, किरिया कसले गर्छ, छोरा नभएमा वंश सकिन्छ अपुताली भइन्छ ।" त्यसै कारणले धिमाल जातिमा छोराको महत्व देखिन्छ ।

## ४.३ विवाहको उमेरमा परिवर्तन

हरेक समाजमा कुन उमेर विवाह गर्ने भन्ने कुरा समाजको आ-आफ्नो मान्यता रहेको हुन्छ । मानवशास्त्रीहरुले यसलाई घरपरिवार विकास चक्रको एउटा महत्वपूर्ण प्रकृयाको रुपमा व्याख्या गरेको पाइन्छ (फ्रिक, १९९३) । यसले जन्मदरका साथै श्रमलाई प्रभाव पार्दछ ९फ्रिक, १९९३० । उमेर घर विकाक्रमसंग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । धिमाल जातिमा पनि कुन उमेर विवाह गर्ने भन्ने कुरा आफ्नै किसिमको मान्यता पाइन्छ । बुढापाकाका अनुसार धिमाल समुदायमा छोरा १४/१५ वर्ष लागेपछि छोराको लागि बुहारी खोज्न धिमाल बाबुआमा तम्सिन्थे । अहिले समयको परिवर्तनसँगै अलिक ढिलो र आफ्नो राजीखुशीमा विवाह गर्न थालेको अध्ययनको क्रममा थाहा पाइयो । यस समुदायमा पहिला भागि विवाह र चोरी विवाह गर्ने गरेको बताइन्छ भने अहिले मागी विवाह र प्रेम विवाह गर्दै आएको अध्ययनको क्रममा थाहा पाइयो । तालिका २ ले दश वर्ष अघिको धिमाल जातिको विवाह र हालको विवाहलाई देखाइएको छ ।

**तालिका २**

**दश वर्ष अघिको विवाह र हालको विवाह**

| उमेर | दश वर्ष पहिला विवाह गर्नेको संख्या | | | प्रतिशत | हालको विवाह गर्नेको संख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | |
| १०-१४ | २ | ३ | ५ | ७.१४ | १ | | १ | २.९४ |
| १५-१९ | १५ | २१ | ३६ | ५१.४२ | ७ | ४ | ११ | ३२.३५ |
| २०-२४ | १५ | ७ | २२ | ३१.४२ | २ | ९ | ११ | ३२.३५ |
| २५-२९ | ३ | २ | ५ | ७.१५ | २ | ४ | ६ | १७.६४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३०-३४ | १ | १ | २ | २.८५ | १ | १ | २ | ५.८८ |
| ३५-माथि | - | - | - | - | - | ३ | ३ | ८.८२ |
| जम्मा | ३६ | ३४ | ७० | १०० | १३ | २१ | ३४ | १०० |

*श्रोत: कार्यक्षेत्र अध्ययन, २०६८*

तालिका २ अनुसार आज भन्दा दश वर्ष पहिला १०-१९ उमेर समुह बीच विवाह गर्नेको संख्या ५८.५६ प्रतिशत रहेको थियो । तर अहिले त्यसमा परिवर्तन आइ ३५.२९ प्रतिशत मात्र रहेको अध्ययनको क्रममा पाइयो । यिनीहरु बीचको अन्तर २३.२७ प्रतिशत रहेको थियो । त्यस्तै दश वर्ष पहिला २० देखि माथि उमेर समुहको विवाह गर्नेको संख्या ४१.४१ प्रतिशत रहेको थियो भने अहिले बढेर ६४.७९ प्रतिशत पुगेको पाइयो ।

यसरी धिमाल समुदायमा विवाह गर्ने उमेरमा आएको परिवर्तनको मूख्य कारण अहिले मैले अध्ययन गरेको क्षेत्रमा धिमाल समुदायका युवाहरु स्कुल र कलेज पढ्न गएको पाइयो । स्कूल र कलेजको पाठ्यक्रमले उनीहरुमा आधुनिक सोंचहरु जस्तै : कम उमेरमा विवाह गर्नु हुदैन, कम उमेरमा विवाह हुने आर्थिक समस्या, पारिवारिक समस्या, शैक्षिक समस्या आदिका बारेमा चेतना अभिवृद्धि गरेको पाइयो । यसै गरी अध्ययन क्षेत्रका धिमाल समाज पनि आधुनिक समय, यातायात कुराबाट प्रभावित भएको देखिन्छ । प्राय: सबै धिमालहरुमा सानो उमेरमा विवाह गर्नुहुदैन भन्ने मानसिकता उनीहरुमा रहेको पाइयो । केही उत्तरदाताहरुले अन्य जातिको घुलमिल सँगै उनीहरुले पनि १४-१५वर्षको उमेरमा विवाह गर्ने चलन छोड्दै ढिलो(२३-२४) विवाह गर्न थालेको बताए ।

## ४.४ पारिवारीक संरचना

परिवार भनेको एउटै धुरीमा बसी एउटै भान्सामा खाना पकाएको, खाना खान आमा, बाबु, छोरा-छोरी रहेको समुहलाई परिवार भनिन्छ । धिमाल समुदायमा बाबुको थर छोरामा हस्तान्तरण गरेको पाइयो । उदाहरणको लागि घरधुरी सर्वेक्षण गर्दा बाबुको थर जे थियो सोहि अनुसार घरका अन्य सदस्यहरु (श्रीमती, छोरा, छोरी, नाति, नातिनी, बुहारी)को पनि एकै थर पाइयो । त्यसै गरी सम्पत्ति पनि बाबुबाट छोरामा हस्तान्तरण हुने गरेको पाइयो । घरको हरेक अधिकार पुरुषको निर्णयमा रहेको पाइयो । आइमाइको खास अधिकार केहि नभएता पनि घरकि मालिक्नी उ नै हुन्छे र घर

भित्रको काम उसैको जिम्मामा छोडिन्छ । धिमाल समुदायको परिवारको संरचनालार्य हेर्ने हो भने पितृसतात्मक पारिवारीक ढाँचा देखिन्छ । विवाह पश्चात महिलाको थर श्रीमान थरमा परिणत हुने गरेको पाइयो । धिमाल परिवारमा वैवाहिक सम्बन्धको नातेदारी भन्दा रक्त सम्बन्धलाई सम्बन्ध नटुङ्गिने पाइयो । जसलाई दाहालको अध्ययनले पनि प्रष्ट देखाउछ (दाहाल २०५६) । जस्तै श्रीमान श्रीमती झगडा गरेर सम्बन्ध विच्छेड पनि हुन सक्छ र पहिलेको नाता टुट्ने गर्दछ तर दाजु भाई बीच झगडा भए पनि मर्दा पर्दा सहयागे गर्दछ र यो सम्बन्ध कहिल्यै पनि टुट्न सक्दैन भन्दछन ।

धिमाल समुदायमा एकल परिवार र संयूक्त परिवार गरि दुई प्रकारका परिवार रहेको पाइयो जसलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३**

**परिवार संख्याको विवरण**

| पारिवारीक संरचना | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ३१ | ५७.४१ |
| संयुक्त परिवार | २३ | ४२.५९ |
| जम्मा | ५४ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६८*

तालिका ३ मा एकात्मक परिवार ५७.४१ प्रतिशत र संयुक्त परिवार ४२.५९ प्रतिशत रहेको पाइयो । जसमा एकात्मक परिवार १३.९२ प्रतिशत बढी रहेको थियो । यो हुनुको मुख्य कारण धिमालहरुको जग्गा जमिन कम भएको र प्राय : जसो युवा युवतीहरु विवाह गर्नासाथ बाबुआमासँग अलग्गिने र अन्य कुनै व्यवसायमा लाग्ने गरेको ले एकात्मक परिवारको संख्या बढेको धिमालहरु बताउछन । त्यसवाहेक आजभोलि “माझी” मान्ने चलन कम हुदै जानु, सामुहिक रुपमा जंगल जाने चलन समाम्त हुनु ले पनि धिमाल जातिमा सयुक्त परिवार घटेको कुरा स्थानीय धिमालहरुले बताए ।

तर दाहाल (वि.स.२०५६) र रेग्मी (सन १९९१) का अनुसन्धानले धिमालहरु परम्परागत रुपमा संयुक्त परिवारमा बस्ने गरेको र संयुक्त परिवारमा बस्ने कारणहरुमा घर पिच्छे माझी मुखियालाई मान्नु पर्ने, राणकालमा सार्वजनिक काममा घरैपिच्छे जानुपर्ने तथा सिकार एंव जंगली फलफूल संकलन गर्न र खेतीपातीमा एउटै परिवारबाट श्रम उपलब्ध

हुने जस्ता कारणले संयुक्त परिवारमा बस्ने गरेको लेखिएको थियो । तर मैले अध्ययन गरेको क्षेत्रमा १३.९२ प्रतिशतले संयुक्त परिवार भन्दा एकात्मक परिवार बढी रहेको पाइयो । यसरी धिमाल समुदायको परिवारमा पनि परिवर्तन हुँदै गएको पाइयो ।

### ४.५ धिमाल जातिको शिक्षाको अवस्था

शिक्षा भनेको मानिसको जीवनलाई अन्धकारबाट उज्यालो तर्फ धकेल्ने एउटा साधन हो जसले मानिसलाई जिवीकोपार्जनको लागि सहयोग पुऱ्याउदछ । अध्ययन क्षेत्रका धिमालहरुको शैक्षिक अवस्था हेर्दा अन्य जातिको भन्दा कमजोर रहेको पाइएको थियो । यसको कारण उनीहरुको आय स्रोत कम रहेकोले गर्दा दैनिक उपभोग्य बस्तु गास, बास, कपास जस्ता अनिवार्य आवस्यकता पुरा गर्न नपुग्ने र शिक्षाको क्षेत्रमा खर्च गर्न पैसाको अभाब भएको साथै जसलाई तालिका ४ द्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ४**

**धिमाल जातिको शिक्षाको अवस्था**

| विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| निरक्षण | ३५ | २९.४१ | ६० | ४० |
| साक्षर | १९ | १५.९६ | ३८ | २५.३३ |
| प्रथमिक शिक्षा | २५ | २१ | २१ | १४ |
| निम्न शिक्षा | १३ | १०.९२ | १३ | ८.६६ |
| मा. वि. शिक्षा | २५ | २१ | ११ | ७.३३ |
| उच्च मा. वि. शिक्षा | २ | १.६८ | ५ | ३.३३ |
| स्नातक | - | - | १ | ०.७७ |
| स्नातकोत्तर | - | - | १ | ०.७७ |
| जम्मा | ११९ | १०० | १५० | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६८*

तालिका ४ अनुसार धिमाल महिला निरक्षर संख्या २९.४१ प्रतिशत रहेको थियो भने पुरुष निरक्षर संख्या ४० प्रतिशत रहेको पाइयो । त्यस्तै गरी महिला साक्षरता

संख्या १५.९६ प्रतिशत रहेको थियो भने पुरुष साक्षरता सख्या २५.२३ प्रतिशत रहेको पाइयो ।

## अध्याय पाँच

यस अध्ययमा अध्ययन क्षेत्रका धिमाल जातिको आर्थिक अवस्था,पेशा, पशुपालन, कामको वर्गीकरण, सामाजिक संस्कारहरु जन्म संसार, विवाह संस्कार, मृत्यु संस्कारको बारेमा व्याख्या गरिएको छ ।

### ५.१ बुधबारे सात नम्बरका धिमाल जातिको आर्थिक अबस्था

धिमालहरुको जीविकोपार्जन खेतीपाती नै भएकाले जग्गा जमीनको स्वामीत्वले पेट पाल्ने उद्देश्य मात्र पुर्ति नगराई समाजमा एउटा विशिष्ट स्थान समेत ओगट्छ । धिमालमा पनि जगगा जमिन धेरै हुने मान्छे साधारणत : गाउँ मुखिया वा गिरी वा मान्नु पर्ने व्याक्ति हुदारहेछन । धिमालहरु आफ्ना जग्गालाई दुई तहमा छुट्याएको पाइयो । 'भीट' (पाखो जमीन वा वारी) र 'धनहर' (धान लाग्ने ठाउँ वा पानी पुग्ने खेती) । भीट जग्गामा धिमालहरु घर बनाउने साग सब्जी, कोदो, मकै, फापर लगाएको पाइयो । मल पुग्ने ठाउँमा पाटा र तोरी पनि लागाइन्छ । धनहर जग्गामा मुख्यतः धान र यस बाहेक पाटा र गहु लगाउने गरेको बताए ।

औलो उन्मुलन (२०१२-१४) पछि र भूमिसुधार कार्यक्रम हुन थालेपछि तराइका जग्गा जमिनहरु पहाड बाट बसाई सरी आएका व्याक्तिबाट किन्न थाले । यस संगसगै धिमाल जाति जमिन विहिन बन्न पुगे । जसलाई कोठा नं. १ को घटनाले स्पष्ट पार्दछ ।

**कोठा नं. १**

यस्तो प्रक्रिया धिमाल जातिमा मात्र सिमित नभई अन्य तराइका जातजातिहारुमा पनि भएको अनुसन्धानहरुले देखाउँछ (पौडेल, २०११)।

## ५.२ पेशा

अध्ययन क्षेत्रका धिमालहरुले एउटा मात्र पेशामा निर्भर नभई विभिन्न पेशाहरु अपनाएको पाइयो । यहाँ निम्न आर्थिक अवस्था भएका महिला तथा पुरुष अरुकोमा सागसब्जी गोड्ने, वर्षायाममा धान रोप्ने, बिउ काढ्ने जस्ता ज्यालादारी गर्दछन, साना किराना पसल र सागसब्जी पसल गर्नुको साथै मजदुर, पेशामा लागेको वताउँछन । यहाँका प्राय धिमालहरुको मूख्य पेशा ज्यालादारी मजदुरी नै हो । धिमाल महिलाहरु ज्यालादारी, पसल गर्नुको साथै गाई, बाख्रा, सुगुर, कुखुरा पाल्ने र ठूलो भएपछि बजारमा लगी बेची धन आर्जन गरेको पाइयो । धिमाल केटा-केटीहरु स्कुल जाने र फुर्सदको समयमा घरायासी काममा सहयोग गर्ने गर्दथे । धिमालहरु प्राय : खोला किनारमा बसोबास गर्ने भएकोले फूर्सदको समयमा उनीहरु माछा मार्ने, बेच्ने गरेको धिमाल बासिन्दाहरुले बताएको थिए । उनीहरु खोलामा माछा मार्दा यिनीहरु व्यक्तिगत रुपमा नगई सामुहिक रुपमा जाने गर्दछन । ठूलो खोलामा बाँधबाधी माछा मार्न सामुहिक रुपमा जाँदा सजिलो हुने बताए । यसले उनीहरुको सामाजिक सम्बन्धलाई बलियो बनाउदछ। त्यसैगरी धिमाल युवाहरु रिक्सा चलाउने, ड्राइभर, काठको ठेक्का पट्टा काम गर्ने र केही विदेश पनि गई आर्थिक उपार्जन गर्ने गरेको बताएको थियो। धिमाल जातिको पेशालाई तालिका ४ मा देखाइएको छ।

**तालिका ४**

**लिङ्गका आधारमा धिमाल जातिको पेशागत विवरण**

| पेशा | धिमाल संख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | जम्मा | |
| खेती | ५ | २२.७२ | ६ | ६.८९ | ११ | १०.८ |
| पसल | ७ | ३१.८१ | २ | २.२९ | ९ | ८.२५ |
| मजदुरी | ७ | ३१.८१ | ३० | ३४.४८ | ३७ | ३३.९४ |
| ज्यालादारी ठ्केदार | - | - | १० | ११.४९ | १० | ९.१९ |
| ड्राइभर | - | - | १२ | १३.७९ | १२ | ११ |
| रिक्सावाल | - | - | १३ | १४.९६ | १३ | १२ |
| शिक्षक | १ | ४.५४ | ४ | ४.५९ | ५ | ४.५८ |
| अन्य | २ | ९.०९ | १० | ११.४९ | १२ | ११ |
| जम्मा | २२ | १०० | ८७ | १०० | १०९ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, २०६८*

तालिका ४ अनुसार सबैभन्दा बढी मजदुरी ३२.१७ प्रतिशत रहेको पाइयो जसमा महिला ७ जना र पुरुष ३० जना रहेको थियो । सबैभन्दा कम शिक्षक पेशामा ४.३४ प्रतिशत रहेको थियो । जसमा महिला १ जना र पुरुष ४ जना रहेको पाइयो । यसरी महिला भन्दा पुरुषहरु बाह्य काममा संलग्न रहेको देखिन्छ । यसको कारण उनीहरुको परम्परगत नियम महिलाहरु घरभित्र काम गर्नु पर्ने बाध्यता र बाहिर गाह्रो काम भएकोले गर्दा उनिहरु घरभित्र नै काम गरेको वताए ।

## ५.३ पशुपालन

अध्ययनक्षेत्रका धिमालहरुले पशुपक्षी पालेको थाहा पाइयो । पशुपालनमा गाई, बाखा, गोरु, हाँस, कुखुरा, सुगुर आदि पाइयो । जसलाई तालिका ५ मा देखाएको छ ।

**तालिका नं. ५**

**धिमालहरुले गर्ने पेशाको विवरण**

| पेशा | जम्मा | प्रतिशत |
|---|---|---|
| गाई | १३ | ८ |
| गोरु | ९ | ५.४८ |
| बाखा | १९ | ११.५८ |

| | | |
|---|---|---|
| कुखुरा | ७३ | ४४.५१ |
| हाँस | २० | १२.१९ |
| सुगुर | ३० | १८.२९ |
| जम्मा | १६४ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, २०६८*

तालिका नं. ५ अनुसार सबैभन्दा बढी कुखुरा संख्या ४४.५१ प्रतिशत रहेको थियो । त्यसैगरी सुगुरको संख्या १८.२९ प्रतिशत रहेको थियो । यसो हुनुमा उनीहरुको आफ्नो सामाजिक संस्कारहरु जस्तैः- भोग दिन, भाकल गर्न, न्वारन गर्न, आफन्तजनलाई खाना खुवाउन चाहिने भएकोले यसैगरी आर्थिक रुपले थोरै लगानीले छिटो उत्पादन दिने भएकोले तिनीहरुको संख्या बढी रहेको पाइयो । यसै गरी गाई बाखा कम पाल्ने गरेको पाइयो जसको कारण जग्गा कमी, चरिचरणको अभाव र सामाजिक संस्कारमा प्रयोग नहुने भएकोले गर्दा कम रहेको पाइयो । त्यस ठाउँका धिमालहरुले आफ्नो परम्परागत संस्कारलाई बचाउनको लागि अनिवार्य रुपमा सबै घरमा, सुगुर र कुखुरा पालन र संस्कार बीचमा सम्बन्ध रहेको देखिन्छ ।

## ५.४ धिमाल जातीमा कामको वर्गिकरण

धिमाल जातीमा उमेर र लिङ्ग अनुसार कामको बाँडफाँड गरेको पाइयो । जसले गर्दा उनीहरुमा आपसी एकता कायम गरेको देखियो ।

### ५.४.१ श्रम विभाजन

यस अध्ययन क्षेत्रका धिमाल जातीमा महिलाले खान पकाउने, गाइ वस्तुको हेरचाह गर्ने, धान रोप्ने, रक्सी बनाउने, ज्यालादारी, मजदुरी, बारीमा तरकारी लगाउने, माछा मार्ने जस्ता काम गर्ने अध्ययनको क्रममा थाहा पाइयो । एक जना महिला धिमाल उत्तरदाताका अनुसार महिलाले हलो जोत्न हुदैन भन्ने परम्परागत मान्यता रहेको छ । यदि हलो जोत्यो भने सय वर्ष पानी पर्दैन भन्ने विश्वासको कारण धिमाल महिला हलो जोत्ने नगरेको बताए । पुरुषले रिक्सा चलाउने, काठको ठेक्का पट्टा गर्ने, ज्यालादारी, मजदुरी, शिक्षक, ड्राइभर, हलोजोत्ने गरेको धिमालहरुले बताएका थिए । यसरी महिलाहरुले घर जस्तै

खाना पकाउने, घर जग्गा सफ गर्ने र पुरुषले बाहिरको कार्य जस्तै हलो जोत्ने, रिक्सा चलाउने, ठेक्का पट्टा गर्ने गरेको हुँदा उनीहरुको परिवार चलेको देखिन्छ । त्यस्तै केटाकेटीहरु स्कूल पढ्न जाने र फुर्सदको समयमा घरमा घाँस काट्ने, गाइबस्तु चराउने, घर सफा गर्ने, पानी बोक्ने, खाना बनाउने काममा सघाउने गरेको धिमाल बुढापाकाहरुले बताएका थिए ।

धिमाल बूढाबुढीहरु शारीरिक रुपमा कमजोर हुदै गए पछि (६०-७० नागेपछि) घरमा केटाकेटी हेर्ने, डोरी बाट्ने, धागो काट्ने, जाल बुन्ने, माछा मार्ने, बालबच्चालाई अराउने गरेको अध्ययनको क्रममा थाहा पाइएको थियो ।

धिमालहरु किनमेल गर्न प्रायः महिलाहरु जाने गरेको बताए । किनमेलमा घरयासी सामानदेखि आफुलाई चाहिने अरु सामान पनि आफै किन्ने गरेको धिमाल महिलाहरुले बताएको थियो । यसले के देखाउछ - धिमाल महिलाको सामाजिक स्तर घरयासी निर्णयमा माथिल्लो स्थानमा रहेको देखिन्छ ।

## ५.५ सामाजिक संस्कार

संस्कार भन्नाले कुने समाजले जन्म देखि मृत्यु सम्म चलाएका विभिन्न कार्यहरुलाई व्यक्तिले स्वेच्छाले वा करले आफुले त्यस समाज भित्रको एउटा सदस्यका रुपमा स्थापना गर्न मान्य रीतिरिवाजहरुलाई सामाजिक संस्कार भनिन्छ रिट्जर (सन २०००) । धिमाल समुदायमा रहेका संस्कार हरु निम्नअनुसार छन :-

### ५.५.१ जन्म संस्कार

धिमालहरुमा महिला गर्भवती हुँदा कुनै प्रकारको हर्ष बढाइ हुँदैन । महिलाहरुलाई बच्चा जन्माउने विमार लागेपछि भरसक सुत्न दिइदैन । बच्चा जन्मन सकेन भने विभिन्न प्रकारका भाक्कल गर्ने चलन छ जस्तै : सेतो परेवा, बाख्रा, कुखुरा, सुँगुरको पाठी भाकल गर्ने । यदि भाकल गर्दा पनि ढिलो भएमा सुडेनीलाई बोलाउने चलन छ  र बच्चा जन्मेन भने ओझालाई बोलाएर झारफुक तथा भाकल गरेपछि अवश्य जन्मन्छ भन्ने विश्वास छ । यद्यपी आजभोली विमार लागेपछि डाक्टर बोलाउने वा स्वास्थ्य सेवा सम्बन्धी ठाउँमा लाने गरेको छन । उनीहरुमा छोरा या छोरी जन्मेमा कुनै फरक संस्कार नभए पनि पितृ कार्य पूजा आजा आदिमा छोराको आवश्यकता पर्ने हुनाले छोराको बढी चाहना राख्दछन बच्चा

जन्मेपछि सुत्केरी आमाले वा अन्य आइमाइले नाल काटिदिने तथा साल लगेर खेतबारीमा गाडिदिने चलन छ । पहिले पहिले साल काट्न चोयाको प्रयोग गरिने भएता पनि आजकल भने सफा हतियारद्वारा नै नाल काटिन्छ । नाल काट्दा बाँकी रहेको भाग झरेको दिन वा भोलिपल्ट धिमालहरु बच्चाको न्वारान गर्दछन ।

## न्वारान :-

धिमाल जातिमा नामाकरण गर्दा कनै ज्यातिष शास्त्र अनुसार नगरी बच्चा जन्मेको दिन कुनै घटना वा गते बारको आधारमा नामाकरण गरिन्छ । आइतवार वा सोमबार जन्मेको दिन कुनै घटना वा गते बारको आधारमा नामाकरण आइते वा सोमे र छोरी भए आइती वा सोमी आदि नामाकरण गरिन्छ । पहिले धिमाल जातिले आफ्नो जाति अनुसारको नाम राखेको पाइयो भने अहिलेका पुस्ताको नामहरु हिन्दु जाति अनुसार गीता, सुनिता, रीता, रमेश राखेको पाइयो । न्वारानका दिन सुत्केरीलाई तातो पानीले नुहाइ दिनुका साथै सुत्केरी सेक्दाको खरानी ढुङ्गा आदि बाहिरा लगेर फ्याकिन्छ । यस्तो चलन अन्यका धिमाल समुदायमा देख्न सकिन्छ दाहाल (२०५६) । अन्त्यमा बच्चाहरुलाई भलायोको धुँवा सुगाउन अनिवार्य भनिन्छ । यसो गरेमा जंगल जाँदा बच्चालाई भलायो निस्कदैन भन्ने चलन छ । धिमाल जातिमा शिकार वा कन्दमुल संकलन गरी जीविका पालन गर्ने सिलसिलामा यस्तो संस्कारको शुरुवात भएको हुन सक्छ यसले उनीहरुको मनोवैज्ञानिक तनावलाई घटाउन सहयोग गरेको देखिन्छ ।

## भात खुवाने :-

आमाको दुधको आधारमा धिमालहरु बच्चालाई भात तथा अन्य ठोस आहार खुवाउँछन । आमाको दुध के कति आउँछ त्यसको आधारमा ढिलो चाँडो भात खुवाउने गर्दछन । धिमाल समुदायमा अन्य जातिको जस्तो भात खुवाउँदा कुनै काम गर्ने चलन छैन । तर आज भोलि केहि सम्पन्न धिमालहरुले ३-४ महिनाको वालक भएपछि इष्ट्रमित्र बोलाएर भोज भतेर साथ भात खुवाउने चलन चल्न थालेको छ । यसले अन्य जातिको प्रभाव राख्न धिमाल जातिमा परेको देखाउछ ।

## छेवर :-

धिमाल समुदायमा छोरा वा छोरीको कपाल प्रथम पटक काट्ने चलन छ । यस चलनलाई उनीहरु 'मेन्रा' भन्ने गर्दछन । यो कर्म सबैले गर्नुपर्छ भन्ने आवश्यक उनीहरु ठान्दैनन । २ देखि ५ वर्षको वीचमा बच्चाको मामाले केश काटी काटिदिन्छन । केश काटिदिए बापत केटाको बाबु-आमाले केटाको मामालाई पारिश्रमिक दिन्छन । पारिश्रमिक लिनुको अर्थ बच्चाको केश काटेमा पाप लाग्दछ भन्दछन । यसलाई मुक्तहुनका लागि केश काट्ने व्यक्ति 'मामा' लाई दक्षिणा दिन्छन कपाल काटे वापत दक्षिण दिनुको उद्देश्यमा यसले बच्चा पापबाट मुक्त हुन्छ भन्ने विश्वास रहेको पाइयो । 'मेन्रा' कर्मको दिन नाता कुटुम्ब र छरछिमेक भेला भएर दही-चिउरा एवं मासु, भात खाने चलन छ । यसले नातेदारी सम्बन्धलाई बनाउँछ ।

त्यस कारण धिमालहरु बच्चाको प्रथम पटक कपाल काट्ने अवधि ३-५ वर्ष सम्म रहेको पाइयो । यसरी कपाल काट्न लगाउँदा बच्चाका मामालाई गच्छे अनुसार रुपैया १ देखि माथि दिइन्छ र बच्चाको मामाले कपाल काटि दिइ बच्चाको पाप आफ्नो टाउकोमा लिइन्छ भन्ने विश्वास उनीहरुमा पाइन्छ । यसले प्रकार्यवादी रेडिल्फ ब्राउन (१९५२)ले भने झैं मामा भान्जाबीचको सम्बन्धलाई बलियो बनाउने काम गर्दछ साथै अन्य नाता कुटुम्ब र छरछिमेकी बीच एकटा कायम गर्दछ जसले त्यो समाज निरन्तर रुपमा अगाडी बढ्दै टिकाउ रहेको हुन्छ ।

## ५.५.२ विवाह संस्कार

धिमाल समुदायमा केटी खोज्न केटालाई आफ्नो हाड-नाता सम्बन्धी बाहेक हरेक घरमा जान पुरा छुट हुन्छ त्यसमा सामाजिक मान्यता र आर्थिक स्तरलाई खास प्रोत्साहन दिइदैन । केटीको केटा छान्ने चलन पनि आफ्नै हुन्छ । केटीहरु प्राय : दारी जुंगा नपलाएको तथा अग्लो केटालाई मन पराउछिन किनभने धिमाल समुदायमा केटी बढी उमेरको भएमा घरगृहस्थी चलाउन सजिलो हुन्छ र बढि उमेरका केटा भयो भने पछि छिट्टै मर्छ भन्ने मानसिकता उनीहरुमा रहेको पाइयो । केटो भन्दा केटी वैवाहिक सम्बन्धमा केही वयस्क नै हुन्छ । केटा पक्षका लागि केटी विवाह गरे वापत पैसा दिने चलन छ । तर केटाको तर्फ केटिका बाबु आमालाई रीत बुझाउने गरिन्छ । ति रितहरु भने यस प्रकार छन : चोर कसुर, दुधवली, धनासुकौरी, पन्चेली, मुखिया र धामी कानाताका, घरमहनी, दुवार छेकाउली र केराउनी हुन । यसलाई केटीपक्षले लिनै पर्दछ । यसले "दिएपछि लिनु पर्दछ भन्ने पनि हो ।"

मउस ९ज्ञढडड० धिमाल समुदायमा केटी पक्ष छोरी दिन्छ र छोरी दिए वापत रीत लिनुपर्छ यसले केटी र केटी पक्ष बीचको सम्बन्धलाई बलियो पर्दछ ।

### चोरकसुर :-

रीत भनेको केटाले केटी विवाह गरेपछि केटीको घरमा बुझाउनु पर्ने रक्सी र दुई रुपैया हो । यदि धिमाल समुदायमा चोरी तथा सुपारी विवाह गरेको भए यो चोर कसुर रीततपाईकी छोरी हामी सँग छ , खोज्ने दुःख नगर्नुहोला भनेर केटीलाने पक्षले केटीका बाबु-आमालाई रक्सी र रु २।- तिरी यो रीतबुझाइन्छ । चोरकसुर यसले के स्पष्ट देखाउदछ धिमाल जाति मागी विवाह भन्दा चोरी विवाह बढी रहेको छ ।

### दुधावली :-

आमाले दशधारा दुध खुवाएकी छोरी लानुपर्दा दुधको भारा स्वरुप केटीको आमालाई एक चिन्दो जाँड र रु २।- बुझाउनु पर्दछ । यसले आमा र छोरी बीचको सम्बन्धलाई नजिक रहेको एवं आमा र छोरीको सम्बन्धालाई पनि छुट्याएको संकेत गर्दछ ।

### धनासुकउली :-

यो धनासुकउली रीत केटाले केटी मन पराएपछि केटीका आफन्तहरुलाई म त पाईहरुबाट केटी छुटाएर लादैछु कृपया माफगर्नु होला भनी सातवटा सुपारी र सात पैसा बुझाउने चलन छ ।

### पचेली :-

यो पचेली रीत विवाहमा उपस्थित भद्र भलाद्मीलाई मनाउन रु ४।- रीतको रुपमा बुझाइन्छ । यसले समाजको नियमलाई बचाउनुको साथै समाजलाई विचलनबाट जोगाउछ र त्यहाँ रहेका सम्पूर्ण मानिसहरु बीच एकता कायम राख्दछ ।

### मुखिया र धामी रीत :-

धिमाल जातिमा विवाहमा मूखिया र धामीलाई विवाह गर्दा १/१ बोटल रक्सी र १/१ रुपियाँ बुझाउने चलन छ । मुखिया या धामी मध्ये एकजना मात्र उपस्थित भए दुवैरीतएकैजनाले बुझिलिन सक्छन । यदि दुवै जना अनुपस्थित भएमा गाउँका कुनै बुढापाकाले यो रीत लिने

चलन छ । धामी र मुखिया“मूली हो”ले विवाहमा उपस्थित सम्पूर्ण मानिसहरु बीच एकता कायम गरी समाजलाई सन्तुलित रुपमा अगाडी बढाउँछ । यसले धिमाल समुदायमा मूखिया र धामीको उच्च स्थान छ भन्ने देखाउँछ ।

## कानाताका :-

यो रितमा वि.स. २०१७ साल अगाडी रु ५ देखि रु ५०० सम्म बुझाइन्थ्यो भने हाल रु १ देखि २ बोटल रक्सी मात्र बुझाउने चलन छ । यो रीत बुझ्दा भद्र भलाद्मीहरुको अवश्यकता हुन्छ । हामीले रीतबुझ्यौ है भनेर वेहुली पक्षकाले सबैका सार्वजनिक रुपमा स्वीकार गरिन्छ । चुपचाप कसैलाई थाहा नदिइ रीतबुझेको रक्सी खाएमा सजाय स्वरुप अबिभावकले रक्सी पुन खानु पर्दछ ।

## घर महनी

वेहुला तर्फकाले रीतबुझाए पश्चात बेहुली तर्फकाले बुझाउने रीत, घर महनी हो । यसमा एक घैला जाँड र दुइ बोटल रक्सी संस्कार भनेर जन्तीलाई दिनु पर्दछ । यसरी लिने दिने प्रकृयाले केटाकेटीको घरपरिवार बीच सम्बन्धलाई बलियो बनाउछ ।

## दुवा छेकाउली

जब बेहुलीलाई बेहुलाको घरमा भित्राइन्छ त्यस पछि जन्तीहरुलाई खाना खुवाउन निकाल्दा भद्र भलाद्मीहरुले बाटो छेक्छन । सो बाटो खोल्न उक्त भलाद्मी हरुलाई रु २।- तिरी बुझाउनु पर्छ यसलाई दुवा छेकाउली भनिन्छ ।

## सेन केराउनी

यो रीतकेटाकेटी दुबैका घरमा गरिन्छ बेहुली तथा बेहुला कस्ता साइनामा परे भनि साइनो केलाउने रितलाई धिमालहरु सेनकाउली भन्दछन । यो साइनो केलाउने काम गाउँको मुखिया वा कुनै बुढापाकालाई रु १ देखि रु ५ सम्म राखी गर्न लागाइन्छ । यी रीतहरु वस्तुको आदानप्रदान वा दण्डमात्र होइन । यो विवाहलाई सास्कृतिक र सामाजिक रुपमा स्वीकार गरिने मूख्य साधन पनि हो । जव सम्म रीत केटा पक्ष वा केटी पक्ष बाट बुझाइदैन तव सम्म विवाह भएको मानिदैन ।

### विवाह

धिमाल समुदायमा उपरोक्त रीतहरु विवाह अघि या विवाहमा बुझाएर विवाह गर्ने चलन छ । धिमाल समुदायको परम्परा देखि चल्दै आएका र हाल प्रचलित केहि विवाहरु यस प्रकार छन :

१) मागी विवाह

२) प्रेम विवाह

   क) सहजातिय विवाह

   ख) अन्तरजातिय विवाह

३) सुपारी विवाह

### ५.५.३ विवाहको प्रकृया

### मागी  विवाहको प्रकृया

धिमाल समुदायमा जब छोरो १४/१५ वर्षको हुन्छ छोराको लागि बुहारी खोजिदिन धिमाल बाबु आमा तम्सिन्छन । तर, केटी खोज्न पहिला छोराले रुचि लिनै पर्छ । केटी खोज्न उसलाई आफ्ना हाड-नाता सम्बन्धी बाहेक हरेक घरमा जान पुरा छुट छ । यसमा सामाजिक मान्यता र आर्थिक स्तरलाई खास प्रोत्साहन दिइदैन केटीको केटा छान्ने चलन पनि आफ्नै हुन्छ । केटीले केटा छनौट गर्दा प्रायः दाह्री जुंगा पलाएको तथा अग्लो केटालाई मन पराउने कुरा धिमालहरुले बताए तर केटा भन्दा केटीको उमेर बढी हुने गर्दछन । केटा पक्षका लागि केटी विवाह गरे वापत पैसा दिने चलन छैन तर दश रीत भने अनिवार्य रुपमा केटीको बाबु-आमालाई बुझाउनु पर्दछ ।

धिमाल समुदायमा जबसम्म राम्रोसँग दश रीत केटीको बाबुलाई बुझाइदैन, विवाह मानिदैन । यो दश रीत बुझउने काम विवाह अगाडी, बच्चाहरु जन्मिसके पछि वा मान्छे मरिसकेपछि पनि गर्न सकिन्छ । दश रीत बुझाउने काम कहिले गर्ने भन्ने कुरा आर्थिक स्थितिमा पनि भर पर्ने गर्छ । त्यसैले कुनै केटीलाई घर भित्र भित्राउने बित्तिकै वा आफ्नो कुलमा ल्याउने वित्तिकै र उसबाट केटाकेटीहरु जन्मेर समाजले दुवैलाई लोग्ने केटीभने पनि दश रीतकेटीको बाबुलाई नबुझउन्जेल विवाह मानिदैन । दश रीत नबुझाइकन स्वास्नी मरे केटीको बाबुलाई दश रीतबुझाएर मात्रै उसको मृत्यु कर्म गर्न पाइन्छ । कहिले काही लोग्ने

नै अगाडी मरे उसका हाड वंशले समेत दश रीतबुझाउन जानुपर्छ र ती दुइबाट जन्मेका केटाकेटीलाई आफ्नो हाडवंशभित्र पसाउनु पर्छ । (जसको बारेमा विस्तृत रुपमा अध्याय छ मा प्रस्तुत गरिएको छ ।)

## प्रेम विवाहको प्रकृया

धिमाल समुदायमा साधारणत : छोरा १४/१५ वर्ष लाग्ने वित्तिकै उसको लागि केटी खोजी दिन धिमाल बाबु आमाहरु तम्सिने गर्दछन । धिमाल केटीहरुमा दाउरा खोज्न जाने, भारी बोक्ने वा टाढाबाट पानी बोकेर ल्याउने वा टाढा हाट बजार जाने चलन छ र धिमाल तरुण तन्नेरी केटाकेटीको आपसमा भेटघाट गर्ने अबसर नजीकका हाटबजारमा पनि देखिन्छ । धिमालहरुको एउटै सामाजिक 'पावो' (चाड) जात्री (जातिरी) मेलामा (एकदिने मेलामा) केटीहरुले आफुलाई सिंगारी केही हदसम्म केटालाई देखाउन खोज्छन । जात्री मेला हरेक धिमाल गाउँमा भिन्न दिन लाग्छ र केही हदसम्म केटा केटीले एक अर्कालाई हेर्ने वा चिन्ने मौका पाए पनि यसले केटाकेटीलाई प्रेमसम्बन्ध बढाउन एकदमै कम अबसर प्रदान गर्छ भनेर धिमालहरु बताउछन । जसको बारेमा विस्तृत रुपमा अध्याय ६ मा प्रस्तुत गरिएको छ ।

## ५.५.४ मृत्यु संस्कार

धिमालहरु मानिस मर्नासाथ लासलाई घरभित्र राखेर मलामी बोलाउछन । गाउँ भरिका मान्छे तुरुन्त धागो लिएर भेला हुन्छन । धिमालमा एक भाई (जेठो) छोराले मात्र क्रिया बस्छ । लासलाई बाँसमा बाँधेपछि धागोले बाँध्ने गर्दछन । त्यसपछि सबै मिलि आँगनमा ल्याइ लिपेको ठाउँमा पश्चिम फर्काएर राखिन्छ । मालामी नजानेहरुले एउटा दियो मृतकको छातीमा राखी बल्दै गरेको दियो माथि माटो दिने गर्दछन । खासगरी महिलाहरुले मलामी जान नहुने हुनाले यसो गरेको हो । त्यसपछि मृतकका वंशहरुले लास बोकी जंगल वा नदिमा लग्ने गर्दछ यसरी मृतक लासलाई जंगल वा नदीमा लगेर जाँदा बाटामा तोरी, भुटेको धान र चामल एंव तामाको पैसा छर्दै जाने चलन छ । यसको अर्थ मृतकको आत्माले स्वर्गको बाटोमा कुनै बाधा नहोस भन्ने हुन्छ । अविवाहित कन्या केटी अथावा कुमार केटो मरेमा केराको बोट तथा फूलको बोट चिहानको सिरानमा गाडिदिने चलन छ । विवाहित महिला वा पुरुषको चिहानमा भने यस्तो रोप्ने चलन हुँदैन । जलाएपछि एक माना चामल,

तामाको पैसा र कुखुरा (लोग्ने मान्छे भए भाले र स्वास्नी मान्छे भए पोथी) र रक्सीले पुजा गरी नजलेको भाग सफा कपडामा बाँधी माटामा गाडी खोलामा सबै मलामीहरु नुहाएर घर फर्कन्छन । घर आएपछि चादी, तुलसीको पात र दुवोको पानी सबैले चोखिने चलन छ । पहिला यदि क्रिया बस्दा धेरै छोराहरु छन भने सवै जना क्रिया बस्ने गर्दथे यसो गर्दा आर्थिक रुपमा समास्या पर्ने हुदा एक जना मात्र क्रिया बस्ने गर्छन । यसरी क्रिया बस्दा क्रिया बस्ने छोरा (केराइली) भने ५, ७ वा ९ दिनसम्म कसैसँग पनि नबोली आफै खाना पकाएर र एक पन्यू मात्र खाएर क्रिया बस्ने चलन छ । मृत्यु संस्कारमा विवाहित छोरी को भुमिका कम हुन्छ भने अविवाहति छोरी र छोरा-बुहारीको भुमिका बढि हुन्छ । यदि अजात बुहारी छ भने उसलाई पनि अलग गरिन्छ ।  चोखिने दिन मृतकका सबै वंश (हारा) हरु बोलाइन्छ र नआउने वंशलाई दण्ड समेत गरिन्छ । मृत्यु कर्ममा सम्पूण काम गर्ने धिमाललाई बाराङ्ग भनिन्छ । बाराङ्गले एक माना चामलको भात र साग (पाता या अन्स) पकाइ सात वटा पिण्ड बनाउँछ । सो सातै वटा पिण्ड कराइलीलाई सुगाउदै बराङ्गले हाराहरुलाई अबको केराइलीले सबै सरह बोल्न, हिडडुल गर्न पाउने नपाउने भनी सोध्ने र आफन्तले पाउने भनी जवाफ दिने गर्दछन । त्यसपछि हाराहरुले बाराङ्गालाई एक बटुको तेल टाउकोमा हाल्ने र लगौटी र जुवारीकोट फेरिदिने कार्य गर्दछन । यसरी शुद्धिने वा चोखिने चलनलाई हारागाली भनिन्छ । सबैले अब सँगै बसेर वंशहरु र छिमेकीहरु खाजा पानी खान्छन । सुद्धयाइमा भिजाएको काँचो चामल सबैलाई बाडिन्छ । यो खाएर मात्र शुद्धयाइ काम सकिन्छ ।

## ५.६ धर्म

वास्तवमा धिमालहरु कुनै विशेष धर्म नमानेर आर्फ्न कुल पितृ मान्ने, धामी झाँक्रीमा विश्वास गर्ने परम्पराबाट मानिएका देवी-काली शक्ति पूज गर्ने गर्दछन । धिमाल जातिको विश्वासमा परम्परादेखि मानि आएका देवी देवताको पूजा गर्नु, जिजु वराले अर्थात पूर्खाले गरेको परम्परा कायम गर्नु र आफूमा आइपर्ने दुःख कष्टहरुबाट छुटेकारा पाउनु र वार्षिक रोग व्याध, वाढी पैरो, हिसंक जीवजन्तु आदिले आफु र आफ्नो कमाइलाई हानी नोक्सानी नगरोस भनेर पूजा आजा गर्नुलाई धर्म भन्ने गरेको पाइयो ।

धार्मिक विश्वासका सन्दर्भमा कुरा गर्दा धिमाल जातिहरु प्राकृतिक शक्तिलाई ऐश्वर्य शक्ति भनी मान्दछन । देवी देवतालाई अदृश्य शक्तिको रुपमा स्वीकारी खराव भएमा देवीदेवता रिसाएका र असल भएमा खुसाएको भनी भन्दछन ।

धिमालहरु आकाशलाई चाहिने हुनाले इश्वरले बादलको सृष्टि गरेको धर्ती प्रणालीलाई बस्नका लागि सृष्टि गरेको हुनाले मानिसलाई इश्वरले धर्तीमा पठाएको कुरामा विश्वास गर्दछन ।

धर्म र पापको धारणा धिमाल समुदायमा हिन्दुसरह नै पाइन्छ । देवी देवता नमान्नु, पितृले गरेको परम्परा नमान्नु, अजातसँग विवाह गर्नु, परस्त्री गमन गर्नु आदिलाई पापको रुपमा लिइन्छ । पाप धर्मको फल यही जुनिमा पाइन्छ भन्ने धिमालमा विश्वास छ । पाप गरे बाढी पैरो, लाग्ने, जंगली पशुपंक्षीले सताउने तथा सम्पत्ति र ज्यानको घाटा लाग्ने हुन्छ भनेर भन्दछन । आजकल धिमालहरु स्वर्ग र नर्कको विश्वास गरी हिन्दु धर्म अनुसार सन्यास लिन थालेको पनि देखिएको छ । यसरी हेर्दा धिमालहरुले आफ्नै तरिकाले समाजलाई पाप र पुन्यमा स्तरीकरण गरेको पाइन्छ ।

## ५.६.१ देवी-देवताहरु :-

धिमाल जातिका देवी-देवताहरु लिखित रुपमा उपलब्ध छैनन । वंश परम्पराबाट मानि आएको आधारमा र छर छिमेकको प्रभावबाट नयाँ पिडीमा सर्दै जादा मौखिक रुपमा मात्र धिमालहरुका देवी-देवताको नाम थाहा हुन्छ । धिमालहरु देवीदेवताहरु मूर्त रुपमा भन्दा बढी अमूर्त रुपमा नै मान्दछन त्यसैले धिमालहरुले देवी-देवताहरुको मूर्ति बनाएको पाइदैन । बरु ती देवी-देवताहरुलाई पूजा आजामा माटोका हात्ति, घोडा बनाएर चढाउने चलन छ । धिमाल जातिमा देवी देवताहरुलाई घरको देवता (*शाकादीर*) र गाउँको देवता (*ग्रामदीर*) भनेर छेट्याउने चलन छ ।

## शाकोदीर :-

शाकोदीर अर्थात घरको देवता भन्नाले धिमालहरुको कूल देवता भन्ने बुझिन्छ । कुलदेवतामा काली देवता र मसान प्रमुख छन । हरेक घरमा यी देवी-देवताहरुको पूजा आजा गरी राखिएको हुन्छ । यसबाहेक कुनै कुनै घरमा 'चाम्सारी' अर्थात माइत वा मावली पट्टिबाट आएर वालबच्चालाई दुःख दिने हुनाले 'चाम्सारी' लाई समेत पुजा गरी पाल्ने चलन छ । कालीको पुजा असारे पूजा (जात्री) र तिहार (पर्खा) मा अनिवार्य हुन्छ भने

विगार परेमा कालीले दुःख दिएको भनेमा ओझालाई पूजाआजा गर्ने चलन छ । मसान जस्तो हिन्दुहरुको डरलाग्दो तर्साउने राक्षस नभएर धिमालहरुको देवता हो । देवी र कालीलाई झै मसानलाई जात्रा-पर्व र आवश्यक परेको बेलामा पुज्ने गरिन्छ । यसले आफन्तहरु बीच एकता कायम गर्दछ । मसानलाई कालीको बहानको रुपमा पनि मानिन्छ । यसरी हेर्दा धिमाल समाजमा संस्कारले व्याक्तिको मनोवैज्ञानिक समस्या समाधान गरेको देखिन्छ ।

## ग्रामको दीर :-

ग्रामको दीर कुनै एक गाउँका सर्ब धिमालहरुको एउटै हुन्छ । गाउँमा देवताको पूजा सार्वजनिक ठाउँमा ग्रामथानमा (महारात्रीथान) अथवा आँगनको छेउमा गर्ने गरिन्छ र वर्षको दुई पटक असारमा र कार्त्तिकमा (रात्री र पर्खाइमा) गर्ने गरिन्छ । यस बाहेक आवश्यक परेको खण्डमा विवाहमा या अन्य खुशियालीमा समेत ग्रामको पूजा गर्ने गरिन्छ । यसले समाजका समस्याहरुलाई समाधान गर्नुका साथै समाजमा एकता कायम गर्छ । यी देवी देवताहरुको पूजा आजा गर्ने चलनमा खासगरी महामारी, हैजा, आगलागी, खडेरी, अतिवृष्टि, बाढी, अनिकाल आदि वर्षभरी नै नआउन र संकट नहोस भन्ने नै हो । ग्रामथान गाउँको बीचमा समथल चौर र केही रुख विरुवा भएको ठाउँमा साना साना टीनका टहराहरु राखी बनाइन्छ । ग्रामथानका देवता प्रभावकारी छन । ग्रामथानमा पूजा गरिने देवी-देवताहरु यस प्रकार छन ।

- कन्काइमाई
- लक्ष्मी
- बूढाठाकुर
- बहादुर चौधरी
- पोखरी
- शिकारी

## कन्काईमाई :-

माइ खोलालाई जोडी हात्ती (माटो वा पिठोको) चढाई पूर्वबाट आउँन जंगली हात्तीलाई नदि तर्न नदिन शक्ति मागी कन्काईमाईको पूजा गरिन्छ । यसले के स्पष्ट हुन्छ भने स्थानीय

मानिसले सामान्यतया आफ्नै वरीपरिका वस्तु वा चीजहरुलाई अलौकिक शक्तिको रुपमा पूजा गर्दछन । जुन अध्ययन क्षेत्रका धिमालहरुले पनि गरेको पाइयो ।

## लक्ष्मी :-

यो वर्ष बढी अन्न लाभ होस् भनी सहको माग गर्दै पूजा गरिन्छ । लक्ष्मी पूजा कात्तिक महिनाको लक्ष्मी पूजाको दिन गरिन्छ । यो पूजा अन्य जातजातिले पनि गर्दछन । यसले के स्पष्ट पार्दछ भने धिमाल जाति आफ्नो संस्कार वा धर्म हुदाहुदै पनि हिन्दुकरणबाट प्रभाव भएको देखिन्छ ।

## बूढाठाकुर :-

बूढाठाकुरलाई बूढा सुब्बा, बुढानीलकण्ठ र राजा भीमसिंहको रुपमा धिमालहरुले मान्दछन । जात्रीको बेला भेडा चढाएर (माटोको) वर्षभरी रोगव्याध हरणको कामना गर्दछन ।

## बहादुर चौधरी :-

धिमालहरु बहादुर चौधरीलाई उड्ने र गुड्ने मालिकको रुपमा पूजा गर्दछन । चौतारिया बहादुर भन्ने लडाकुले घोडचढी फौजसँग यस क्षेत्रमा आएर युद्धगरी पटक-पटक दुःख दिएकाले तिनै चौतारिया बहादुरलाई माटोको कालो घोडा चढाई दुःख नदिन नदिन अनुरोध गर्दछन । चौतारिया बहादु शाह उनै बहादुर शाह भएको र उनको पूर्वी विजयको क्रममा धिमालहरुले दुःख पाएको हुँदा यस जातिले उनको पुजा गर्न थालेको हुनु पर्दछ ।

## पोखरी :-

पोखरीमा गएर पानीको पूजा गरी लागाएका कपडा भिजाएर निचोर्दै वर्षभरी पानीको मागगरी जलदेवताको पूजा गर्दछन । यसले खेतीपाती गर्न पानी उपलब्ध गराउँदछ । सायद कृषि वा खेती पातीमा आश्रित रहेको हुदा यिनीहरुले पोखरी देवताको पूजा गरेको हुन सक्छ ।

**शकारी :-**

किराती देवता शिव र अन्य जंगली देवताहरुलाई खाद्यान्नमा जंगली जीवजन्तु र किरा फट्याङ्गाको आक्रमण नहोस् भनी पूजा गरिन्छ ।

## अध्याय ६

यस अध्यायमा धिमाल जातिको दृष्टिकोणमा विवाह, विवाहका प्रकार, केटी माग्ने र छान्ने नियम, विवाहको महत्व, आवश्यक रीतहरु र विवाहका परिवर्तनका कारक तत्वहरु रहेको छन ।

### ६.१ धिमाल जातिको दृष्टिकोणमा विवाह :-

विवाह भनेको सामाजिक रुपमा स्वीकार गरिएको, सास्कृतिक रुपमा परिभाषित गरिएको र सार्वजनिक रुपमा पहिचान भएको विपरित लिङ्गीहरु बीचको सम्बन्ध हो । धिमाल समुदायमा विवाहलाई एउटा महत्वपूर्ण संस्कारको रुपमा लिएको पाइयो । कुनै धिमाल केटा केटी विवाहपछि मात्र आफुलाई त्यस समाज भित्र रहेको वा बाँधिएको एक जिम्मेवार व्यक्तिको रुपमा स्वीकार गर्दछन । धिमालमा विवाह यौन सम्बन्ध तथा जन्मेको सम्पूण बच्चाहरुसँग मात्र सिमित नरही जब सम्म राम्रो सँग दश रीतकेटीको बाबुलाई बुझाइदैन विवाह भएको मानिदैन भन्ने बुढापाका धिमालहरुले बताएको थियो । यसरी धिमाल समदायमा विवाहलाई अन्य समुदायमा भन्दा फरक तरिकाले बुझेको पाइयो ।

पहिला "धिमाल समुदायमा जब छोरा १४/१५ वर्षको लाग्दछ छोराको लागि वुहारी खोजिदिन धिमाल बाबु आमा तम्सिन्छन । तर केटी खोज्न पहिला छोराले रुचि लिनुपछृ । केटी खोज्न उसलाई आफ्नो हाड-नाता सम्बन्धी बाहेक हरेक घरमा जान पुरा छुट हुन्छ

त्यसमा सामाजिक मान्यता र आर्थिक स्तरलाई खास प्रोत्साहन दिइदैन । केटीको केटा छान्ने चलन पनि आफ्नै हुन्छ । उ प्राय : दारी जुंगा नपलाएको तथा अग्लो केटालाई मन पराउछिन । केटो भन्दा केटी वैवाहिक सम्बन्धमा केही वयस्क नै हुन्छ । किन भने दारी जुंगा नपलाएको तथा अग्लो केटालाई मन पराउछिन किन भने धिमाल समुदायमा केटी बढी उमेरको भएमा घरगृहस्थी चलाउन सजिलो हुन्छ र बढि उमेरका केटा भयो भने पछि छिट्टै मर्छ भन्ने मानसिकता उनीहरुमा रहेको हुन्छ ।

## ६.२ विवाहको प्रकार :-

तर अहिलेको यूवा पिढीहरु यस्तो परिवर्तन आउदै गएको पाइयो । धिमाल समुदायमा विभिन्न प्रकारका विवाह पद्धति भएता पनि अध्ययन क्षेत्र सात नम्बरको धिमाल समुदायमा निम्न प्रकारका विवाह हुने चलन थियो ।

१) मागी विवाह

२) प्रेम विवाह

  क) सहजातिय विवाह

  ख) अन्तरजातिय विवाह

३) सुपारी विवाह

## मागी विवाह :-

मागी विवाह केटा र केटी तर्फको सहमती र इच्छाको आधारमा हुन्छ । केटाले केटीलाई मनपराएपछि केटा पक्षले दुई बोतल रक्सी, चुरोट, पान तथा सुपारी सगुन लिएर केटीको घरमा जान्छन । जबसम्म केटीका पक्षले उक्त कुरालाई स्वीकार गर्दैन तबसम्म केटी माग्ने रीत पुरा भएको मानिदैन । पहिलो पटक लगिएको सौगात स्वीकार नभए तीन पटकसम्म लग्ने चलन छ । तेस्रो पटकको सौगात केटीपक्षकाले स्वीकारेपछि केटा पक्षले *बेहाइ बेहती* गोरा रीत बुझाउनु पर्दछ । यस रितमा दुई ध्वाम्पा जाँड, दुई बोटल रक्सी राख्नु अनिवार्य हुन्छ । यो रीत बुझाएको रक्सी खाएपछि केटी पक्षले विवाहको लागि तयार मानिन्छ । यो प्रकृयालाई धिमालहरुले विवाको प्रथम चरणको कार्य भएको मान्दछन । यसपछि केटी माथि केटाको हक हुन जान्छ । पछि केटी पोइला गएमा वा केटीको पक्षले केटाको घरमा पठाउन नचाहेमा केटा पक्षले जारी खर्चको दावी गर्न सक्छ । विवाहको यो

प्रथम चरणको कार्य समाप्त पछि मागी विवाहमा दुधौली, पँचौली, सेन केराउनी, वेहाइ वेहातीका गोरा आली, माभी, चुमान, धामी, कान्ताका धान्नगो, धरमहनी, द्वर छेकाउली आदि जस्ता यी दश रीत बुझाएर विवाह गरिन्छ । तर आजकाल यस्तो दश रीतबुझाएर विवाह गर्ने चलन वढी खर्च र झमेला भएको कारणले गर्दा हराउँदै गएको पाइयो ।

यसरी मागि विवाहले समाजलाई एउटा व्यवस्थामा राखेको छ साथै केटा पक्षको र केटी पक्षको सम्बन्धलाई एक अर्कालाई बाधेको छ एवं भागी विवाहले परम्परागत सामाजिक, सास्कृतिक मूल्य-मान्यताहरुलाई निरन्तरता दिएको छ ।

## प्रेम विवाह :-

धिमाल समुदाय समयको परिवर्तनसँग अध्ययन क्षेत्र सात नम्बरमा पनि धिमाल यूवा युवतीहरुले प्रेम विवाह गर्दै आएको देखियो । केटा र केटीबीच माया मोह भएपछि एक अर्काबीचमा विवाह गर्दछन त्यसलाई प्रेम विवाह भनिन्छ । प्रेम विवाहले समाजमा समाजिक विचलन ल्याउछ । प्रेम विवाहको कारणले गर्दा आएको समाजिक विचलनलाई सन्तुलनमा राख्नको लागि राजनैतिक संस्था र मुखिया माझीहरु समाजमा रहेका असन्तुलनलाई व्यवस्थित गर्न दण्ड जरिवान लिने गर्दछ । जसले गर्दा समाज एउटा व्यवस्थित रुपमा रहेको हुन्छ । प्रेम विवाह पनि अन्तरजातिय र सजातिय गरि दुइ प्रकारका रहेका छन जसलाई तल प्रस्तुत गरिएको छ ।

क) सहजातिय विवाह

ख) अन्तरजातिय विवाह

## सहजातिय विवाह

सजातीय विवाह भनेको आफ्नो जात भित्र मात्र गरिने विवाहलाई सहजातिय विवाह भनिन्छ । सजातिय विवाहले समाजलाई सन्तुलनमा राखेको हुनछ त्यस्तै धिमाल समुदाय पनि तीन जनाले सहजातिय विवाह गरेको अध्ययनको क्रममा थाहा पाइयो ।

## अन्तरजातिय विवाह :-

धिमाल समुदाय समयको परिवर्तनसँगै अन्तरजातीय विवाह गर्ने चलन बढ्दै गएको देखिएको थियो । धिमाल जाति वाहेक अन्य जातको केटीलाई धिमाल केटा र धिमाल

केटीले अन्य जातको केटालाई मन पराएर विवाह गर्ने चलनलाई अन्तर जातिय विवाह भनिदो रहेछ । अन्तरजातिय विवाहमा तल्लो जात(दमाई, कामी, साकी)को केटी सँग विवाह भयो भने त्यसलाइ अस्वीकार गर्ने तर आफ्नो जात भन्दा माथिल्लो जात(राई, लिम्बु, बाउन, मगर, क्षेत्री)को केटी सँग विवाह भयो भने धिमालको निय्म अनुसार आफ्नो जातमा भित्राउने चलन छ भनेर अध्ययनको क्रममा थाहा पाएको थियो । सात नम्बरमा अन्तरजातिय विवाह ७ घर संख्यामा पाइएको थियो । यसरी अन्य पहाडका जनजातिहरुमा पनि हिन्दु वर्ण व्यवस्थाले परिभाषित गरिएको तल्लो जातलाई अछुत भनिने चलन रहेको अध्ययनहरुले देखाउँछ । यो उच्च हिन्दु जाति जस्तै वाह्मण, क्षेत्रीहरुको प्रभावले भएको हुन सक्छ (ज्यफिदभचक द्णण्ढ) । अन्तरजातीय विवाहले पनि समाजमा विचलन ल्याएको हुन्छ तर त्यसलाई सन्तुलन ल्याउन मुखिया माझीहरुले गाउँका सबै मानिसहरुलाई भेला गरी दाल, भात, रक्सी र मासु भोज गरि फेरी आफ्नो जातमा भित्र्याउने गर्दछ ।

सात नम्बरमा दश जनाले प्रेम विवाह भएको थाहा पाएको थियो । जसलाई तालिका द्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ६**

**प्रेम विवाहको विवरण**

| विवाह | संख्या | प्रतिशत |
|---|---|---|
| अन्तरजातिय | ७ | ७० |
| सजातिय | ३ | ३० |
| जम्मा | १० | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, २०६८*

## सुपारी विवाह :-

सुपारी विवाहमा केटाले आफूलाई मन परेकी केटीलाई फकाएर अथवा झुक्याएर सुपारी ख्वाउने प्रयास गर्दछ । यदि केटाले केटीलाई सुपारी ख्वाउन सफल भयो भने त्यो केटी मन्जुर हुन्छे र त्यो केटीले उसँग विवाह गर्न पुग्दछ । तर अजभोली यो सुपारी विवाहको चलन हराएको कुरा स्थानीय धिमाल बुढापाकाले अध्ययनको क्रममा बताए ।

धिमाल समाजमा विभिन्न किसिमका मूल्य मान्यता, सस्कार रहेको थियो । आफ्नो मुल्य मान्यता र संस्कारलाई बचाउनका लागि धिमाल समुदायमा सामाजिक र

राजनीतिकसंस्थाहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । जस्तै : समाजमा झै-झगडा समाधान गर्न, अन्तरजातीय विवाहलाई नियमअनुसार आफ्नो समुदायमा भित्राउन गाउँटोल, समाज भेला पारी माझी मुखिया, धामी, समाजको बुद्धिजिविहरुले गर्ने गर्दछ । धिमालहरु आफ्नो परम्परागत रीति रिवाजलाई निरन्तरता दिन चाहान्छन । उनीहरुको आफ्नो नियम र सामाजिक व्याबस्था छ । धिमालहरु आफ्नै मूल्य मान्यता र विश्वास रहेको छ । तर पनि समयको बदलिदो परिवर्तन सँगै धिमाल समाजमा केही मात्रामा परिवर्तन आएको कुरा त्यहाँका धिमाल युवाहरु बताउछन । त्यहाँका धिमालहरु आफ्नो रहनसहन, लावाई खवाइमा केही परिवर्तन हुदै आएको तर सामाजिक नियम भने उहि रहेको धिमाल बुढापाकाहरु बताएका थिए ।

समाजमा झै-झगडा, अन्तर जातिय विवाह, भागी विवाह जस्ता विचलन आएमा त्यसलाई समाधान गर्न माझी मुखिया, धामी र समाजको बुद्धिजिविहरुले गाउँटोल, समाज मेला गरी समाधान गर्दछ भनेर धिमालहरुले बताएका थिए । यसरी प्रकार्यबादी समाजशास्त्रीहरुले भने झै समाजमा भएका विचलन हटाउन समाजलाई निरन्तरता दिन धिमाल समुदायमा माझी मुखिया, धामी र बुद्धिजीविहरुले महत्वपूर्ण भूमिका खेलेको हुन्छन ।

## ६.३ केटी माग्ने र छान्ने नियम

हरेक समाजको को सँग विवाह गर्नु हुन्छ र के सँग गर्नु हुँदैन भन्ने आधार नै सामाजिक नियम कानुन रहेको हुन्छ । जसले समाजमा विचलन आउन दिदैन । धिमालहरुका सामाजिक नियमअनुसार आफ्ना तीन पुस्ता हाड-नाताभित्रमा कुनै शर्तमा विवाह चल्दैन । त्यसपछि विवाह हुने कुरा धिमाल जातिमा प्रचलित रहेको पाइयो । यसलाई चित्रले देखाउँछ ।

**विवाह छान्ने परिधि**

धिमाल जातिमा विवाह गर्दा मावली र फूपु चेली तीन पुस्तासम्म बारिन्छ । वंशमा तीन पुस्ते साइनोभित्र विवाह गरे सन्तान मासिन्छ वा पितृ रिसाउँछ भन्ने विश्वास गर्दछन । केटीमाग्न आफ्ना हाड-नाता र तीन पुस्ते साईनाहरु बाहेक अन्य धिमाल धरहरुमा जान पुरै छुट छ । केटी माग्न जाँदा आफ्नो मान्यता वा आर्थिक स्तरको वास्ता गरिदैन । धिमालहरुको भनाइ अनुसार केही अगाडी सम्म विवाह सम्बन्धमा केटीकेटीको मन, शारीरिक तन्दुरुस्ती र जवानी हेरिन्थ्यो । आजकल केटाको आर्थिक स्थिति ज्यादा प्राथमिकता दिइन्छ । धिमाल केटो आफू केहि पढेको भए पनि उ साधारणत पढेको  केटी खोज्दैन र पाउदैन पनि । तर धिमाल समुदायमा केटाभन्दा केटीलाई आफ्नो केटो छान्ने अधिकार ज्यादा छ । यस सम्बन्ध धिमाल बाबु आमाहरु केही हदसम्म छोरीको इच्छालाई मान्यता दिन्छन ।

धिमालहरु केटी माग्न जाँदा साधारण त केटीको स्वास्थ्य, रुपशील, चालचलन र काम जाँच्छन । केटी माग्न जाँदा केटीतर्फको नजीकको नातालाई आफू तर्फ मिलाएर सँगै लिएर गएमा काम चाडो हुन्छ भनिन्छ । मगनीमा पहिलो पटक केटीको बाबुसँग भेटघाट, दोस्रो पटक केटीको आमा तथा इष्टमित्रसँग सोधौ, तेस्रो पटक केटीसँग सोधौं, चौथो पटक मात्रै दिने नदिने कुरा टुङ्गो लगाइन्छ । केटा मन नपरें आमाले मन पराइन साइनोपर्ने भयो, इष्टमित्रले तास जुवा खेल्छ भन्ने जवाफ केटा तर्फकालाई दिइन्छ । केटी माग्न जाँदा हरेक पटक बोतल खसी, आधा पाउदेखि एक पाउसम्म सुपारी, २-४ पाकेट विडी, २-४ पाकेट सिगरेट तथा माचिस लिएर जानुपर्छ । यस्तो काममा केटा एक्लै नगई उसँगै वा उसका नातेदारहरुसँग २-२ जना साथीहरु जान्छन । केटी माग्न जाने टोलीलाई धिमालहरु “बेजलाइ धालाइ” (कन्यार्थी) भन्दछन ।

केटीको टुंगो लागेपछि दुवैतर्फका सम्धी (केटा र केटकि बाबुहरु) को भेटघाट हुन्छ । यो विवाहहरु घि गर्नुपर्ने एउटा आवश्यक रीतहो । भेटघाटमा केटातर्फकाले दुई बोटल रक्सी (धि गोरा), दुई गाग्रो जाँड (ध्याङसिङ), नरिवल, सुपारी, सिगरेट, बिडी राख्दछन । यस अवसरमा सम्धीहरु मात्र भेला नभई सम्धीनी (केटीको आमा) तथा ५-७ जना पञ्चहरु पनि हुन्छन । अब मेजमानी शुरु हुन्छ केटाको घरबाट नपाएको सामान सकिएपछि केटीतर्फबाट एक गाग्रो जाँड र रक्सीले फेरी अतिथिहरुको सत्कार हुन्छ ।यसले

के देखाउछ भने केटा र केटीको आमा बाबु बीच र अतिथिहरु बीचमा एक अर्का बीचमा एकता कायम गरी त्यो धिमाल समाजलाई टिकाउ गरेको हुन्छ ।

धिमाल बेहुला केटाले केही दिनसम्म (७ दिनदेखि १ महिनासम्म) केटीको घरमा चाकरी (नाकरी जस्तो) गर्नुपर्छ । यस समयमा केटीको बाबुले जे अराए पनि केटाले मान्नुपर्छ । साधारणत : यो एउटा मान्नु पर्ने रीतदेखिए पनि आफ्नो छोरी कुनै पुरुषलाई सधैको लागि दिनुअघि उ काम गर्छ/गर्दैन वा छोरीलाई पाल्न सक्छ/सक्दैन जाँचको हो भनि धिमालहरु भन्दछन ।

## ६.४ विवाह महत्व

धिमालमा एकपल्ट विवाह भइसकेपछि विधुवी वा सम्बन्ध विच्छेद (पार पाचुके) गरेकी आइमाइ बाहेक अरु सबै तहमा आइमाईहरुको निमित्त दश रीतबुझाइ विवाह गर्नुपर्छ विवाह समारोहको ३-४ दिनअघि आफ्ना भाइ तथा इष्टमित्रहरुलाई सुपारी दिएर निम्तो बाड्ने चलन छ । निम्ताहरु एक बोटल रक्सी वा एक घैला जाँड वा यस बराबर मूल्यको पैसा लिएर निम्ता मान्न जान्छन । धिमालहरुमा निम्तो मान्न स्त्रीहरु नगई पुरुषहरु नै जाने चलन छ । तर आफ्नै गाउँभित्रको विवाह र कसैले लोटाभरी पानी बोकेर निम्ता दिन आए धिमाल स्त्रीहरु विवाह घरमा गइ एक छाक खाएर फर्कन्छन ।

विवाह घरमा दाउरा, पात, धान चामल आदिको बन्दोबस्त मिलाउन गाउँले तरुनी तन्नेरीहरु २-३ दिनअघि नै भेला हुन्छन । यसरी विवाहमा सधाउन आउने व्यक्तिलाई धिमालहरु गोलाहा (काम गर्ने) सहायक पुरुषहरु र धानी (काम गर्ने सहायक स्त्रीहरु) भनेर बोलाउँछन ।

वराँती शुरु हुनअघि जन्ती सबैलाई केटीको घरमा खुवाइन्छ । अब ओझा वा धामीलाई फुकेको खाने तेल (शुभहोस भन्नेको निमित्त) जन्तीहरुले आफ्ना हात, गोडा, अनुहारमा दल्छन । यसपछि साइत फुकाइन्छ । साइतमा दियो (धि-गेसा) वाली सवै त्यसलाई हुन्छन र वराँती शुरु हुन्छ । वराँती वेहुलाको आर्थिक स्तरअनुसार पैदल वसगाडीमा जान्छ । जन्तीको साथमा २-३ जनासम्म लोकन्ती (नै लोकन्ती) हुन्छन ।

अब वराँती बेहुलीको घरमा घाम नअस्ताइकन नै पुग्नुपर्छ भन्ने चलन छ । वराँती वेहुलीको घर क्षेत्र पस्नु अधि त्यस गाउँका युवक केटाहरुले बाटो छेक्दछन । रितअनुसार त्यसवेला बेहुलातर्फकाले रु २।- देखि रु ५।- सम्म दिनुपर्छ र देवै तर्फले आपसमा दुइ बोटल रक्सी सातासात गर्दछन । त्यसपछि बाटो छेक्ने अर्को दल गाउले बुढाहरु (धि.वाराङ्ग) ले गर्दछन । यहाँ रु ४।- देखि रु १०।- सम्म वेहुला पट्टिकाले बुझाइ आपसमा साटासाट गरिन्छ । यस अवसरमा गाउँले बुढाहरु हुक्का चिलिम पिउने माग गर्दछन र घरबाट बोकेर ल्याएको चिलिम थोदरा उनीहरुलाई दिइन्छ । वराँतीले हुक्का चिलिम यस्तो अवसरमा नलगे दण्ड रुपैया (रु १ देखि १० सम्म दिनुपर्छ) केटी तर्फकालाई बुझाउनुपर्छ । अब वराती वेहुलीको मूलघरको संघार (ने. आँगन) मा पुगेको वेला गाउँले तरुनी केटीहरुले एक घैलो जाँड एक घैलो पानी दियो गरी बाटो छेक्दछन । यहाँ सामान केही नसारी वेहुलापट्टिकाले रु १०।- बाटो छेक्ने केटीहरुलाई दिनुपर्छ । वराँती जाँदा वेहुलीलाई गरगहना लिएर जाने चलन धिमाल समाजमा छैन । आवश्यक परे एउटा पेटानी काँइयो, तेल लगिन्छ । गरगहना वेहुलीलाई घरमा ल्याएपछि मात्र लिने चलन छ भनेर अध्ययन क्षेत्रमा धिमालहरुले बताएको थियो ।

## ६.५ आवश्यक रितहरु

जन्तीहरु वेहुलीको घरमा पुगेपछि वेहुली पट्टिकाले सबेभन्दा पहिला एक ध्यापा जाँड र दुइ बोटल रक्सी (भेजमानी) भनेर निकाली दिन्छन । यसपछि विवाहको सबैभन्दा महत्वपूर्ण भाग दश रीतबुझाउने कार्य शुरु हुन्छ । धिमालका यी दश रितहरु यस प्रकार छन ।

१) चोर कसुर

२) दुधावली

३) धनासकौली

४) पन्चौली

५) मखिया (माझी)

६) धामी

७) कानताका

८) घरमइनी

९) दुवार छेकाउली

१०) सेक केराउनी

# अध्याय सात

# अध्ययनको निष्कर्ष

## ७.१ निष्कर्ष

यो अनुसन्धान प्रकार्यात्मक सिद्धान्तबाट निदेशित भएको छ । समाजमा प्रकार्यावादी शैद्धान्तिक दृष्टिकोणबाट कुनै पनि सामाजिक इकाइले बुझ्ने हो भने त्यसको अन्य सामाजिक इकाइहरु सम्पूर्ण सामाजिक संरचना सँगको सम्बन्धलाई विश्लेषण गर्नु पर्दछ (अव्राहम १९८२) । यसै सैद्धान्तिक दृष्टिकोणलाई आधार मान्दै बुधबारे ७ का धिमाल समुदायको सामाजिक संस्था विवाहको अन्य संस्थाहरु जस्तै नातेदारी, राजनीति, धार्मिक पक्षहरुसंग सम्बन्धलाई केलाउने प्रयास गरिएको छ ।

यस अनुसन्धानात्मक लेखमा देखाएको तथ्याङ्कले के स्पष्ट गर्दछ  भनै धिमाल जातिको विवाह एक छुट्टै सामाजिक इकाइ हुदाहुदै पनि यसलाई धिमाल जातिको सामाजिक संरचनाका अन्य इकाइहरु जस्तै नातेदारी, राजनीनि, सस्कार, धर्म आदिबाट अलग रुपमा हेर्न सकिदैन । यी विभिन्न इकाइहरु एक अर्कामा अन्तर निर्भर र अन्तर सम्बन्धित रहेको देखिन्छ । उदाहरणको लागि : धिमाल जातिमा विवाह भन्ने वित्तिकै विपरीत लिङ्गको विचमा भएको सम्बन्ध पाइदैन । विवाह को संग वा कुन नातेदार बीचमा गर्न हुने र कसको

बिचमा नहुने भन्ने आफ्नै प्रकारको सामाजिक मूल्य मान्यता रहेको देखिन्छ । यसै गरी धिमाल जातिमा जबसम्म केटा पक्षले केटी पक्षलाई दश रीतहरु बुझाउदैन तव सम्म विवाह भएको मानिदैन । यसबाट के भन्न सकिन्छ भने विवाह र संस्कारका बीचमा सम्बन्ध हुन्छ अर्को तर्फ नियम कानुनले यसलाई निरन्तरता दिएको हुन्छ । यसै सामाजिक मूल्य मान्यताका आधारबाट समाज वा सामाजिक इकाइलाई बुझ्ने र व्याख्या गरिने गरिन्छ ।
अनुसन्धानको क्रममा तथ्याङ्कहरुले के स्पष्ट पार्दछ भने धिमाल जाति आ-आफ्नो जातिमा मात्र विवाह नगरी अन्तरजातिय विवाह गरेको देखाइन्छ । आफ्नो जाति भित्र विवाह हुदा त्यसले स्वतः आफ्नो जाति भित्रको मूल्य मान्यतालाई निरन्तरता दिएको पाइन्छ । तर अन्तरजातिय विवाह भएमा त्यसले उनीहरुको सामाजिक मूल्य र मान्यतालाई तोडेको ठान्दछन । तर धिमाल जातिको पक्षले परिवारलाई समाजबाट अलग राख्दछन । जव सम्म आफ्नो जातिभित्र रहन पाइदैन । भोज भतेर गरेर धामी वा माझी र गाउलेलाई खुवाएपछि पुन आफ्नो जातिमा भित्राइन्छ । यसरी प्रकार्यात्मक दृष्टिकोणले भने झै हरेक प्रकारले सकारात्मक काम  नगरी नकारात्मक कार्य पनि गरिन्छ । नकरात्मक कार्यले समाजमा परिवर्तन ल्याएता पनि पुन समायोजन हुन्छ । यसरी धिमाल जातिमा भएको राजनैतिक संस्थाले विवाहमा आउने विचलनलाई पनि पुन समायोजन गरेको देखिन्छ । उनी सामाजीक मूल्य मान्यतालाई यथायिस्थितिमा राख्न सहयोग गरेको छ ।

हिन्दुकरणको प्रभाव पनि धिमाल जातिमा पनि रहेको अध्ययनको क्रममा थाहा पाइयो । जस्तैः -उनीहरुले हिन्दु धर्म अनुसार न्वरानमा नाम राख्ने उदाहरणको लागि रीता, गीता, रमेश, सुनिता आदि त्यसैगरी हिन्दुजाति अनुसार लक्ष्मी पूजा गर्ने अनुसार स्वस्थानी व्रत बस्ने गरेको अध्ययनको क्रममा थाहा पाइयो । यसरी हेर्दा धिमाल जाति पनि हिन्दुकरणबाट टाढा नरहेको देखिन्छ ।

# सन्दर्भग्रन्थ सुची

## नेपाली

दाहाल, डिल्लीराम (२०३६), धिमाल लोक जीवन अध्ययन, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाण्डौं ।

दाहाल, डिल्लीराम (२०५६), धिमाल जातिको अध्ययन, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वबिद्यालय कीर्तिपुर ।

नेपाली, रोहित कुमार (२०३५), दोधारे र कारीकोसीका धिमाल, पञ्चायत विकास प्रशिक्षण केन्द्र कलवलगरी (चन्द्रगढी), भ्फापा ।

मार्क्स-एंगेल्स, १९८६, *कम्युनिष्ट पाटीको घोषणापत्र* प्रगती पुस्तक सदन, डिल्लीबजार, काठमाडौं ।

रेग्मी, ऋषि केशव, (२०३५), एक श्रोत तीन धारा, साभ्फा प्रकाशन, काठमाडौं ।

विष्ट डोर बहादुर, (२०५५), सबैजातको फुलबारी, साभ्फा प्रकाशन, काठमाडौं ।

श्रेष्ठ, स्वयम्भु लाल, (२०२८), धिमाल जाति र तिनको भाषा, श्रेष्ठ प्रकाशन ललितपुर ।

ज्ञवाली, सुर्यविक्रम, (२०३५), प्रदशनकारी धिमाल लोक-सस्कृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौं ।

## Engilsh


Abraham, M.F., 1982. *Modern Sociologycal Theorey:An Introduction,* Oxford University Press Calcatta.

Aheran, M.L., 2004. *INVITATION TO LOVE Literacy, Love Letters, Socical Change in Nepal*, ADARSH BOOKS New Delhi.

Durkhem, E.,1988. "Rules for the Expanation of Social Facts and Elementary Form of the Religious Life", in P. Bohannan and M. Glazer (eds) *Highpoints in Anthropology.* KNOPF, New York

Fricke T.E, 1993, *Himalayan Households : Tamang Demography and Domestic Process*. Book Faith India

Gautam, R. and A. Thapa-Magar., 1994, *Tribal Enthrography of Nepal,* Vol.I Book faith: India.

Holmberg, D. 2007, "Egalitarian Society, Tamang/Black Smith Relation from Tamang Perpective", in *Occasional Papers in Sociology and Anthropology,* 10:91-120.

Malinowski, B., 1988. "The Group and the Individual In Functional Analysis", in P.Bohannan and M. Glazer (eds) *Highpoints in Anthropology*. KNOPF, New York *pp.*274-275

Mauss M., 1988. "Gifts and Returns Gift" in P. Bohannan and M. Glazer (eds) *Highpoints in Anthropology.* KNOPF, New York , *pp.*266-271.

Molnar, A. , 1981, "Economic Strateges and Economic Constraints: Case of The Kham Magar of North West Nepal." *In C.Vol Furer-Haimendorf (ed), Asian Highland Societies: An Anthropological Perspective*, New Delhi: Stering Publishers Pvt.Ltd.pp 20-51

Morgan, 1988, *High Points in Anthropology,* Page no. 29-32, New York, Alfred A. KNOPF. (eds), Bohannan Paul and Mark Glazer.

Nepali, G. S., 1965. *The Newars: An Ethno-Sociological Study of a Himalayan Community.* United Asian Publication, Bombay.

Ortner, S. B., 1978. *Sherpas Through Their Rituals:* Cambridge University Press Cambridge.

Poudel, J. M., 2011. "Landlessnes of Kisan Community an Anthropological Observation from Eastern Tarai Nepal," *SASON Journal of sociology of Anthropology,.2:* 136-156.

Radcliffe-Brown, A. R., 1952. *Structure and Function in Primitive Society.* Mc-Millian Publising CO. Inc New York.

Regmi, R. R, 1991, *The Dhimal Miraculous Migrats of Himal.* Niral Book blication: New Delhi.

Ritzer, G. 2000, *Sociological Theory*. Mc Grow-Hill International Edition: New York.

Srinivas, M.N., 2003. *Social Change and Modern India,* Orient Longman India (Reprinted)

Stevens S.F. ,1996. *Claiming the High Ground: Sherpa Subsistane and Enviromental Change in the Highest Himalayan.* Motilal Babarasidas, New Delhi.

# परिशिष्ट १

## घरधुरी सर्वेक्षण

## उत्तरदाताको विवरण

नामः................................... पुरुषः महिलाः

जातिः................................. धर्मः .........

जिल्लाः............................... गा.वि.स. ..................... वडा नं. ..........

| सदस्यको नाम | उत्तरदाता सँगको सम्वन्ध | लिङ्ग | उमेर | पेशा | शिक्षा | विवाहको किसिम | विवाह गर्दाको उमेर | विवाहको किसिम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सजातिय | अन्तरजातिय |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१) तपाईको परिवारका सदस्यहरु दैनिक ज्याला वा मासिक तलवमा काम गर्नुहुन्छ । विवरण प्रस्तुत गर्नुभई सहयोग गरिदिनु होला ।

| क्र.स. | नाम | लिङ्ग | आम्दानीको स्रोत | औसत मासिक आय | कामगर्ने ठाउँ |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

२) दश वर्षयता तपाइको परिवारको कोहि सदस्य वैदेशिक सोजगारीमा जानु भएको छ ?

(क) देश (ख) विदेश

३) तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

| विवरण | कठ्ठा |
|---|---|
| खेत | |
| बारी | |

४) तपाइको आफ्नो उत्पादनको तपाईलाई कति महिना खान पुग्छ ?

.......

..........................................................................................................................

पुग्दैन भने कसरी धान्नु हुन्छ ?

..........................................................................................................................

........

५) तपाईले पाल्नु भएको पशु पंक्षीको विवरण ।

| नाम | संख्या | नाम | संख्या | नाम | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## परिशिष्ट. २

### अन्तर्वार्ताको प्रश्नावली विवरण

१) तपाईको जातिमा विवाह कति प्रकारको रहेको छ ?

..........................................................................................................................

२) विवाहमा पहिला भन्दा अहिले केहि परिवर्तन आएको छ ? छ भने कस्तो र किन ?

..........................................................................................................................

३) विवाहमा परिवर्तन आउनुको कारण के के छन ?

..........................................................................................................................

४) विवाहमा आएको परिवर्तनले धिमाल जातिमा कस्तो असर पुऱ्याएको छ ?

..........................................................................................................................

५) अन्तरजातिय विवाहले कस्तो सम्बन्ध निर्माण भएको छ ?

..........................................................................................................................

६) मागी विवाहमा केटी माग्दा के गरिन्छ ?

..........................................................................................................................

७) केटी माग्दा को मार्फत र कसरी कुरा चलाइन्छ ?

..........................................................................................................................

८) विवाह कति दिनमा कसरी सम्पन्न गरिन्छ ?

..........................................................................................................................

९) विवाहमा के-के भोज खुवाइन्छ ?

..........................................................................................................................

१०) समाजमा मागी विवाहलाई कसरी हेर्दछ ? किन ?

..........................................................................................................................

११) प्रेम विवाहमा रीत बुझाउनु पर्छ कि पर्दैन ?

..........................................................................................................................

१२) प्रेम विवाहलाई समाजले कसरी लिने गर्छ ?

..........................................................................................................................

१३) विवाह पछि घरज्वाई बस्ते चलन छ कि आफ्नै घरमा बस्ने चलन छ ?

......................................................................................................................

१४) अन्तरजातिय विवाहलाई तपाईको समाजमा कसरी हेरिन्छ ? कसरी मिलाउनु हुन्छ ?

......................................................................................................................

१५) तपाईको समाजमा जबरजस्ती(तानेर) विवाह गरिन्छ कि गरिदैन ?

......................................................................................................................

१६) जवरजस्ती विवाह कसरी गरिन्छ ? कस्तो अवस्थामा गरिन्छ ? केटी पक्षले वा केटाले नमाने के गरिन्छ ?

......................................................................................................................

१७) तपाईको समाजमा जारी विवाह प्रचलित छ कि छैन ?

......................................................................................................................

१८) जारी विवाह गर्दा जरिवाना लिनु पर्छ कि पर्दैन ?

......................................................................................................................

१९) पर्छ भने के कति लिनु पर्छ ?

......................................................................................................................

२०) जारी विवाहलाई समाजले कसरी हेर्ने गर्दछ ?

......................................................................................................................

२१) तपाईको समाजमा विधवा विवाह गर्ने चलन छ कि छैन ?

......................................................................................................................

२२) विधवा विवाहमा के रीत तिर्नु पर्छ ?

......................................................................................................................

२३) तपाईको समाजमा विधवा विवाहलाई समाजले कसरी हेर्दछ ?

......................................................................................................................

२४) विवाहको प्रक्रियालाई कसरी अपनाएको छ ?

......................................................................................................................

२५) त्यस्तो प्रकृया अपनाउनुको मुख्य कारण के थियो ?

......................................................................................................................

२६) मागी विवाह गर्दा कस्तो सम्वन्ध निर्माण भएको छ ?

......................................................................................................................

# परिशिष्ट ३

## फोटोहरु



**चित्र १**. धिमाल बेहुलाबेहुली लाई उपहार दिदै



**चित्र २**. धिमाल महिलाहरुको आफ्नो परम्परागत भेषभूषा



**चित्र ३.** धिमाल जातिको घर



**चित्र ४.**धिमाल समुदायसँग अनुसन्धानकर्ता



**चित्र ४**.धिमाल समुदायको मुखियासँग सोधकर्ताले अन्तरवार्ता लिदै



**चित्र ६**. धिमाल जातिको विहेमा बेहुला बेहुली